# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ५४ | काठमाडौं | सोमबार, ०२ असार २०८२ | Prabhab National Daily | Monday, June 16 , 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**हाम्रो पहिचानमा हाम्रो गौरव**

- नेपाली भाषा र संस्कृतिलाई आत्मसाथ गरौं,
- परम्परा, चाडपर्व, लोककला जोगाऔं,
- मौलिक संस्कृतिमा गर्व गरौं,
- नक्कल होइन मौलिकता अपनाऔं,
- विविधतामा एकता कायम गरौं,
- राष्ट्रको पहिचानलाई सम्मान गरौं।

'हाम्रो पहिचान, हाम्रो स्वाभिमान'

नेपाल सरकार
विज्ञापन बोर्ड


सहकारीको बचत अपचलन प्रकरण

# बिगोले थिचिए रवि

## पाँच वटा सहकारीको मुद्दामा रविविरुद्ध २४ करोड ७५ लाखभन्दा बढी पुग्यो बिगो



**कुन सहकारीको मुद्दामा कति बिगो ?**

| | |
|---|---|
| सानो पाइला सहकारी, पर्सा | - ५ करोड ७४ लाख |
| स्वर्णलक्ष्मी सहकारी, काठमाडौं | - ५ करोड ७८ लाख |
| सुप्रिम सहकारी, रुपन्देही | - ४ करोड १५ लाख |
| सूर्यदर्शन सहकारी, कास्की | - ३ करोड ३७ लाख |
| सहारा सहकारी, चितवन | - ५ करोड ७४ लाख |

■ जेबी योञ्जन

**काठमाडौं–** पूर्वगृहमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेविरुद्ध २४ करोड ७५ लाख रूपैयाँ बिगो मागदाबी भएको छ । काठमाडौं, चितवन, कास्की, रूपन्देही र पर्सा जिल्लाका एक-एकवटा सहकारी ठगीमा लामिछानेविरुद्ध उक्त बिगो मागदाबी भएको हो ।

गोरखा मिडिया नेकवर्कको प्रबन्ध निर्देशकको हैसियतमा ग्यालेक्सी टेलिभिजनमा गितेन्द्रबाबु (जिबी) राई, पूर्वडिआइजी छविलाल जोशी, कुमार रम्तेललगायतसँग मिलेर ती सहकारीहरूबाट गैरकानुनी रूपमा बचत ल्याएर अपचलन गरेको प्रकरणमा लामिछानेलाई पनि जिम्मेवार मानिएको छ । सोही कारण उनीविरुद्ध मात्रै झण्डै २५ करोड रूपैयाँ बिगो मागदाबी भएको हो ।

आइतबार पर्साको वीरगञ्जस्थित सानो पाइला सहकारीमा भएको ठगी प्रकरणको अनुसन्धानपछि जिल्ला सरकारी वकिल कार्यालयले जिल्ला अदालतमा मुद्दा दायर गरेको छ । उक्त सहकारी ठगीमा लामिछानेविरुद्ध पाँच करोड ७४ लाख ३० हजार रूपैयाँ बिगो मागदाबी गरिएको छ । लामिछानेसहित २९ जनालाई प्रतिवादी बनाइएको छ । उक्त सहकारीको एक अर्ब ३२ करोड ४६ लाख १२ हजार रूपैयाँ अपचलन भएको दाबी गर्दै मुद्दा दायर भएको हो ।

लामिछाने भने यतिबेला रूपन्देहीको सुप्रिम सहकारी ठगी प्रकरणमा पुर्पक्षका लागि भैरहवा कारागारमा छन् । उनलाई काठमाडौंको डिल्लीबजार कारागारमा ल्याउने चर्चा थियो । तर, गृहमन्त्री रमेश लेखक भिजिट भिसा प्रकरणमा मुछिँदा रास्वपाले चर्को विरोध गरेसँगै उनको काठमाडौं जेल सरुवा रोकिएको बताइन्छ ।


यहीबेला उनीविरुद्ध अन्तिम जिल्ला पर्सामा पनि बिगो मागदाबीसहितको मुद्दा आइतबार दायर भएको हो । यसअघि २१ पुसमा काठमाडौंको कालिमाटीस्थित स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थामा बचतकर्ताले राखेको रकम अपचलन भएको प्रकरणमा लामिछानेसहित ३९ जनाविरुद्ध मुद्दा दर्ता भएको थियो । उक्त सहकारीमा एक अर्ब १९ करोड ९५ लाख रूपैयाँ अपचलन भएको भन्दै जिल्ला अदालत काठमाडौंमा मुद्दा दर्ता छ । रविविरुद्ध त्यहाँ पाँच करोड आठ लाख ६९ हजार रूपैयाँ बिगो मागदाबी गरिएको छ । उनका व्यावसायिक साझेदार जिबी राईविरुद्ध पनि समान बिगो मागदाबी गरिएको छ । अर्का साझेदार छविलाल जोशीको हकमा मात्रै पाँच करोड ७८ लाख ९६ हजार रूपैयाँ बिगो माग भएको छ ।

गत वर्षको ८ पुसमा सरकारी वकिलको कार्यालय कास्कीले लामिछानेले सूर्यदर्शन सहकारीको तीन करोड ३७ लाख ६५ हजार रूपैयाँ अपचलन गरेको भन्दै उनीविरुद्ध सोही रकमबराबर बिगो मागदाबी गरिएको थियो । सोही अदालतमा उनीविरुद्ध सम्पत्ति शुद्धीकरण मुद्दा पनि दर्ता छ । २७ करोड ८९ लाख ४४ हजार रूपैयाँ गैरकानुनीरूपमा आर्जन गरेको दाबीसहित दर्ता मुद्दामा रविकी पत्नी नीकिता पौडेल पनि प्रतिवादी छिन् ।

क्रमशः पृष्ठ २ मा

# सात प्रदेशको बजेट करिब दुई खर्ब ८७ अर्ब

## बागमतीको सबैभन्दा धेरै, कर्णालीको बजेट मध्यरातमा




■ प्रभाव संवाददाता

**काठमाडौं–** सातवटै प्रदेशले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि बजेट ल्याएका छन् । प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्रीहरूले आइतबार आ-आफ्नो प्रदेशको प्रदेशसभामा बजेट प्रस्तुत गरेका हुन् । प्रतिपक्षी दलहरूको विरोधका कारण कर्णाली सरकारले मध्यरात १२ बज्न केही मिनेटअघि मात्र बजेट प्रस्तुत गरेको थियो । बागमती प्रदेश सरकारले पनि ढिला गरी बजेट ल्याएको थियो । अन्य पाँच प्रदेश सरकारले भने निर्धारित समयमै बजेट प्रस्तुत गरेका थिए ।

सात वटा प्रदेशको कूल बजेट दुई खर्ब ८७ अर्ब २६ करोड रूपैयाँभन्दा बढीको आएको छ । यो चालु आर्थिक वर्षको भन्दा करिब आठ अर्ब ५९ करोडले बढी हो । चालु आवमा सात वटा प्रदेशले कूल करिब दुई खर्ब ७८ अर्ब ६७ करोड रूपैयाँबराबरको बजेट कार्यान्वयन गरिरहेका छन् । आगामी आवका लागि सबै प्रदेशले बजेटको आकार बढाउँदा गण्डकीले भने आकार घटाएर ल्याएको छ ।

सात वटा प्रदेशमध्ये बागमतीले सबैभन्दा धेरै ६७ अर्ब ४७ करोड ७३ लाख १७ हजार रूपैयाँ बराबरको बजेट ल्याएको छ । यसैगरी सबैभन्दा कम गण्डकी प्रदेशले ३१ अर्ब ९७ करोडको बजेट ल्याएको छ । चालु आवमा बागमतीको बजेट ६४ अर्ब ५४ करोड र गण्डकीको ३२ अर्ब ९७ करोड रूपैयाँबराबरको रहेको छ ।

यसैगरी कोशी प्रदेशले आगामी आवका लागि ३५ अर्ब ८७ करोड ९९ लाख रूपैयाँ, मधेस प्रदेशले ४६ अर्ब ५८ करोड ३३ लाख रूपैयाँ, लुम्बिनी प्रदेशले ३८ अर्ब ९१ करोड रूपैयाँ र सुदूरपश्चिम प्रदेश सरकारले ३३ अर्ब ४७ करोड ६० लाख ४८ हजार रूपैयाँबराबरको बजेट ल्याएको छ । चालु आवमा कोशीको ३५ अर्ब २७ करोड रूपैयाँ, मधेसको ४३ अर्ब ८९ करोड रूपैयाँ, लुम्बिनीको ३८ अर्ब ९७ करोड रूपैयाँ र सुदूरपश्चिमको ३१ अर्ब ६२ करोड रूपैयाँको बजेट कार्यान्वयनमा रहेको छ ।

मध्यरात प्रस्तुत कर्णालीको बजेट ३२ अर्ब ९९ करोड ६६ लाख रूपैयाँ रहेको छ । यो प्रदेशले चालु आवमा ३१ अर्ब ४१ करोड रूपैयाँको बजेट कार्यान्वयन गरिरहेको छ । कर्णाली प्रदेश सरकारका अर्थमन्त्री राजीवविक्रम शाह 'ब्रिफकेस' बोकेर दिउँसै प्रदेशसभा भवन पुगे पनि विपक्षी दलहरूले बहिष्कार गर्ने अडान राखेपछि अन्योलमा परेको थियो ।

क्रमशः पृष्ठ २ मा

- कोशीमा चिया सम्मेलनदेखि घिउ निर्यातलाई अनुदान
- मधेस प्रदेशले वैकल्पिक ऊर्जाका लागि बगरको प्रयोग गर्ने
- बागमतीको जोड भौतिक पूर्वाधारमा
- गण्डकीले लाइसेन्स छाप्ने गरी ल्यायो बजेट
- लुम्बिनी प्रदेशको जोड पर्यटनमा
- कर्णालीको कार्यक्रम तुइन विस्थापनदेखि लगानी सम्मेलनसम्म
- सुदूरपश्चिमको डल्फिन संरक्षणलाई पनि बजेट

सन्दर्भ:वैदेशिकरोजगार

# इजरायल र इरानमा रहेका सबै नेपाली सुरक्षित

## नेपाली नागरिकको सुरक्षालाई उच्च प्राथमिकतामा राखेर काम गर्न दूतावासहरूलाई परराष्ट्रमन्त्रीको निर्देशन

- इजरायलमा करिब पाँच हजार ५०० जना र इरानमा रहेका करिब १२ जना नेपाली रहेको तथ्यांक
- नेपाली दूतावासद्वारा २४सै घण्टा हटलाइन सेवा सञ्चालन
- स्थानीय सुरक्षा प्रोटोकलहरूको पालना गर्न, आफ्नो क्षेत्रका लागि जारी गरिएका अद्यावधिक सूचनाबारे जानकार रहन र अत्यावश्यक अवस्थामाबाहेक घरबाट बाहिर ननिस्कन आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** इजरायल र इरानमा रहेका सबै नेपाली सुरक्षित रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । गत शुक्रबार इजरायलले इरानमा आक्रमण गरेयता त्यस क्षेत्रको स्थिति तनावपूर्ण बनेको छ । दुई मुलुकबीच तनावपूर्ण स्थिति सिर्जना भएपश्चात् त्यहाँ मिसाइल आक्रमणको शृंखला जारी छ ।



परराष्ट्र मन्त्रालयले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै इजरायलमा रहेका करिब पाँच हजार ५०० जना र इरानमा रहेका करिब १२ जना नेपाली सुरक्षित रहेको जानकारी प्राप्त भएको जनाएको हो । सोही विज्ञप्तिमार्फत परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले दुई देशबीच गत शुक्रबारदेखि विकसित घटनाक्रमप्रति चासो व्यक्त गरेकी छन् । उनले नेपाली नागरिकको सुरक्षालाई उच्च प्राथमिकतामा राखेर काम गर्न सम्बन्धित देशमा रहेका नेपाली दूतावासहरूलाई निर्देशन दिएकी छन् ।

'इजरायल र इरानबीच पछिल्ला तीन दिनदेखि विकसित घटनाक्रमका सन्दर्भमा माननीय परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले तेल अभिभ र दोहास्थित नेपाली राजदूतावासलाई टेलिफोन सम्पर्क गरी आफू प्रमाणित र सहप्रमाणित मुलुकमा रहेर नेपाली नागरिकहरूको सुरक्षालाई उच्च प्राथमिकतामा राखेर काम गर्न, नेपाली समुदायसँग निरन्तर सम्पर्कमा रहन र सम्बन्धित मुलुकले जारी गरेका सुरक्षा सतर्कतासम्बन्धी अद्यावधिक सूचना नियमितरूपमा प्रवाह गरी नेपालीलाई निरन्तर सुसूचित गर्नसमेत निर्देशन दिनुभएको छ,' विज्ञप्तिमा भनिएको छ ।

मन्त्रालयले इजरायल र इरानबीच विकसित उक्त घटनाक्रमलाई नेपाल सरकारले नजिकबाट नियालिरहेको र त्यहाँ रहेका नेपालीहरूको हित सुनिश्चित गर्न आवश्यकताअनुसार उपयुक्त कदम चालिने जनाएको छ ।

क्रमशः पृष्ठ २ मा


**Reputed मेनपावरको लागि पार्टनर चाहियो !**

- Saudi ID भएको
- JITCO License भएको
- Interntaional Marketing गर्न सक्ने

**कुनै उजुरी नभएको मेनपावरलाइ पार्टनर चाहियो**

सम्पर्कको लागि : ९७००३५१३३२/९८१३९१६३२२



## लु बाट बच्ने उपायहरू




जनहितमा जारी सन्देश

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

**पृष्ठ १ बाट क्रमशः**

## सात प्रदेशको...

चारपटकसम्म प्रदेशसभा बैठक सूचना टाँसेर स्थगित गरिएको थियो । तर, संवैधानिक व्यवस्थाअनुसार प्रदेश सरकारले असार १ गते आगामी आर्थिक वर्षको बजेट प्रदेशसभामा प्रस्तुत गर्नैपर्ने बाध्यताका कारण आइतबार राति १२ बज्न केही मिनेट बाँकी हुँदा आर्थिक मामिलामन्त्री शाहले प्रदेशसभामा बजेट प्रस्तुत गरेका हुन् ।

### कोशीमा चिया सम्मेलनदेखि घिउ निर्यातलाई अनुदान

कोशी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरले घिउ निर्यातमा अनुदान दिने घोषणा गरेका छन् । आइतबार बजेट भाषण गर्दै मगरले घिउ विदेश निर्यात गर्दा निर्यातमा प्रतिकेजी १२० रूपैयाँ अनुदान दिने घोषणा गरेका हुन् ।

यसैगरी कोशीमा चिया सम्मेलनका लागि बजेट राखिएको छ । अन्तर्राष्ट्रिय चिया सम्मेलनका लागि दुई करोड रूपैयाँ बजेट विनियोजन गरिएको आर्थिक मामिलामन्त्री मगरले बताए । कोशीको बजेटमा कूल विनियोजन बजेटमध्ये चालुतर्फ १८ अर्ब ६७ करोड ३३ लाख अर्थात् ५२ प्रतिशत, पुँजीगततर्फ १७ अर्ब १० करोड ६५ लाख अर्थात् ४७.७ प्रतिशत र वित्तीय व्यवस्थातर्फ १० करोड रूपैयाँ अर्थात् ०.३ प्रतिशत रहेको छ । यो अनुमान चालु आर्थिक वर्षको विनियोजनको तुलनामा १.७ प्रतिशतले बढी र संशोधित अनुमानको तुलनामा १२ प्रतिशतले बढी रहेको जनाइएको छ । कूल विनियोजनमा स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ चार अर्ब ७० करोड ७२ लाख रूपैयाँ रहेको छ ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये प्रदेश सरकारको आन्तरिक राजस्वबाट पाँच अर्ब ५० करोड, राजस्व बाँडफाँटबाट १२ अर्ब ३९ करोड ६० लाख, संघबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट आठ अर्ब ९८ करोड ३४ लाख रूपैयाँ हुने जनाइएको छ । साथै ससर्त अनुदानबाट चार अर्ब ५७ करोड १० लाख, समपूरक अनुदानबाट ३९ करोड १७ लाख र विशेष अनुदानबाट ५५ करोड ७२ लाख रूपैयाँ गरी राजस्व तथा वित्तीय हस्तान्तरणबाट जम्मा ३२ अर्ब ७४ करोड ९९ लाख र रोयल्टीबाट प्राप्त हुने रकमबाट ३५ करोड छ लाख रूपैयाँ खर्च व्यहोरिने उल्लेख छ । बाँकी अपुग रकम नगद मौज्दातबाट तीन अर्ब १३ करोड व्यहोरिने मन्त्री मगरले बजेटमार्फत जानकारी दिए ।

### मधेस प्रदेशले वैकल्पिक ऊर्जाका लागि बगरको प्रयोग गर्ने

मधेस प्रदेशका अर्थमन्त्री सुनिलकुमार यादवले प्रदेशसभामा प्रस्तुत गरेको बजेटमध्ये चालुतर्फ १६ अर्ब ७२ करोड पाँच लाख रूपैयाँ, पुँजीगततर्फ ३० अर्ब २६ करोड २८ लाख रूपैयाँ रहेको छ ।

स्रोततर्फ आन्तरिक आन्तरिक राजस्वतर्फ नौ अर्ब ५० करोड ८३ लाख, वित्तीय समानीकरणतर्फ सात अर्ब ७२ करोड १९ लाख, ससर्त अनुदानतर्फ चार अर्ब २६ करोड १८ लाख, विशेष अनुदानतर्फ ३९ करोड ४५ लाख तथा समपूरक अनुदानतर्फ ३५ करोड ८२ लाख रूपैयाँ रहेको छ । बजेटमा भौतिक पूर्वाधारलाई मुख्य प्राथमिकता दिइएको छ । भौतिक पूर्वाधारमा प्रदेश सरकारले १५ अर्ब ८८ करोड ७१ लाख ८५ हजार रूपैयाँ विनियोजन गरेको छ ।

प्रत्येक जिल्लामा कम्तीमा दुईवटा सतह सिँचाइ आयोजना सञ्चालन गरिने, भूमिगत सिँचाइको उपयोग गरिने, वनजंगलका वन्यजन्तुका लागि पनि खानेपानीको व्यवस्था गरिने, वैकल्पिक तथा सौर्य ऊर्जाको क्षेत्रमा नदीको बगरको उपयोग गरिने प्रदेश सरकारले मुख्य कार्यक्रम घोषणा गर्दै बजेट विनियोजन गरेको छ ।

स्वास्थ्य तथा जनसंख्याको क्षेत्रमा प्रदेश सरकारले आगामी आर्थिक वर्षमा मुख्यमन्त्री घरदैलो स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्ने भएको छ । यसैगरी प्रादेशिक अस्पतालहरूलाई प्रविधिमैत्री बनाइने, मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एमडी सञ्चालन गरिने गरी बजेट विनियोजन गरिएको छ । स्वास्थ्य तथा जनसंख्यातर्फ आगामी आर्थिक वर्षका लागि छ अर्ब ४५ करोड ६१ लाख रूपैयाँ बजेट विनियोजन गरिएको अर्थमन्त्री यादवले प्रदेशसभामा जानकारी दिए ।

### बागमतीको जोड भौतिक पूर्वाधारमा

आइतबार अबेर प्रस्तुत गरेको प्रदेश सरकारको बजेटमा भौतिक पूर्वाधार विकासलाई प्राथमिकतामा राखिएको छ । प्रदेश सरकारले भौतिक पूर्वाधार विकासका लागि २४ अर्ब ८० करोड १९ लाख रूपैयाँ, खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालयका लागि सात अर्ब २८ करोड ७१ लाख रूपैयाँ बजेट विनियोजन गरिएको प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले जानकारी दिए ।

उनले कृषि तथा पशुपन्छी विकास मन्त्रालयका लागि दुई अर्ब ६३ करोड ४२ लाख रूपैयाँ विनियोजन गर्दा संस्कृति पर्यटन मन्त्रालयका लागि तीन अर्ब ६७ करोड ७० लाख रूपैयाँ, सहकारी तथा गरिबी निवारण मन्त्रालयका लागि २५ करोड ७८ लाख रूपैयाँ, उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयका लागि ७७ करोड ९६ लाख रूपैयाँ, श्रम रोजगार तथा यातायात मन्त्रालयका लागि ८७ करोड ४१ लाख रूपैयाँ बजेट विनियोजन गरिएको बजेट भाषणमार्फत जानकारी दिए ।

त्यस्तै स्वास्थ्य मन्त्रालयका लागि तीन अर्ब ९६ करोड ८८ लाख रूपैयाँ, सामाजिक विकास मन्त्रालयका लागि चार अर्ब ३५ करोड ९७ लाख रूपैयाँ, युवा तथा खेलकुद मन्त्रालयका लागि एक अर्ब १६ करोड रूपैयाँ, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका लागि ६२ करोड ११ लाख रूपैयाँ विनियोजन गरिएको छ । वन तथा वातावरण मन्त्रालयका लागि तीन अर्ब ९९ करोड ६७ लाख रूपैयाँ बजेट विनियोजन गरेको छ ।

प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि चालुतर्फ २६ अर्ब चार करोड ४६ लाख रूपैयाँ (३८.६ प्रतिशत) र पुँजीगततर्फ ४१ अर्ब ४३ करोड २६ लाख रूपैयाँ (६१.४ प्रतिशत) बजेट विनियोजन गरेको छ । प्रदेश सरकारले बजेट कार्यक्रमको खर्च व्यहोर्ने स्रोततर्फ कर राजस्वबाट २८ अर्ब ७८ करोड ८२ लाख रूपैयाँ, अन्य छ अर्ब ७९ करोड चार लाख रूपैयाँ अनुमान गरिएको छ । संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणबाट ४१ अर्ब ८१ करोड ९३ लाख रूपैयाँ, सञ्चित कोषमार्फत विविध प्राप्तिबाट १६ अर्ब ९८ करोड ९४ लाख रूपैयाँ खर्च व्यहोर्ने स्रोत अनुमान गरिएको छ ।

### गण्डकीले लाइसेन्स छाप्ने गरी ल्यायो बजेट

गण्डकीका आर्थिक मामिलामन्त्री डा. टकराज गुरुङले आइतबारको प्रदेशसभामा प्रस्तुत गरेको बजेटमा अधिकांश पुरानै योजना छन् । यद्यपि, सवारी चालक अनुमतिपत्र (लाइसेन्स)को छपाइ भने प्रदेशस्तरमै गर्न १० करोड रूपैयाँ बजेट छुटयाइएको उनले बताए ।

कूल विनियोजित बजेटमध्ये चालुतर्फ १२ अर्ब ६३ करोड ६६ लाख ७५ हजार, पुँजीगततर्फ १९ अर्ब नौ करोड ३३ लाख २४ हजार रूपैयाँ रहेको छ । चालुतर्फ कूल विनियोजनको ३९.५ प्रतिशत र पुँजीगततर्फ ५९.७ प्रतिशत रहेको छ । यसैगरी वित्तीय व्यवस्थातर्फ २५ करोड रूपैयाँ विनियोजन गरिएको अर्थमन्त्री गुरुङले उल्लेख गरे ।

बजेटमा खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट सात अर्ब ७३ करोड ८९ लाख रूपैयाँ, राजस्व बाँडफाँटबाट नौ अर्ब ७९ करोड २९ लाख ४० हजार, रोयल्टी बाँडफाँटबाट ४९ करोड ८९ लाख ७७ हजार रूपैयाँ रहेको छ । यसैगरी ससर्त अनुदानतर्फ तीन अर्ब ३५ करोड ६४ लाख, समपूरक अनुदानतर्फ ६३ करोड ९७ लाख, विशेष अनुदानतर्फ ४९ करोड ८६ लाख र प्रदेशको आन्तरिक राजस्व पाँच अर्ब ४५ करोड ८४ लाख ८८ हजार तथा चालु वर्षको वार्षिक कार्यक्रम कार्यान्वयनपश्चात् दुई अर्ब २४ करोड ५० लाख ९४ हजार रूपैयाँ नगद प्राप्त हुने अनुमान गरिएको अर्थमन्त्रीले गुरुङले बताए ।

उनले बजेटको स्रोतमा न्यून हुने रकममध्ये एक अर्ब ७५ करोड रूपैयाँ आन्तरिक ऋणबाट पूर्ति हुने व्यवस्था मिलाइएको जानकारी दिए । बजेटमा भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई ११ अर्ब ९८ करोड नौ लाख आठ हजार, कृषि तथा भूमि व्यवस्था मन्त्रालयलाई दुई अर्ब आठ करोड ६७ लाख ५० हजार, उद्योग तथा पर्यटन मन्त्रालयलाई ८४ करोड २१ लाख ९३ हजार रूपैयाँ छुटयाइएको छ ।

साथै, वन तथा वातावरण मन्त्रालयका लागि एक अर्ब छ करोड ५० लाख ४० हजार र सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालयलाई दुई अर्ब ३९ करोड ५१ लाख ६७ हजार रूपैयाँ विनियोजन गरिएको छ । यसैगरी स्वास्थ्य मन्त्रालयलाई तीन अर्ब ३२ करोड ७० लाख ४० हजार, ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका कार्यक्रमहरूका लागि तीन अर्ब ८८ करोड ८१ लाख तथा प्रदेश विपद् व्यवस्थापन कोषमा न्यूनतम १० करोड रूपैयाँ मौज्दात रहने व्यवस्था मिलाइएको अर्थमन्त्री गुरुङले बताए ।

### लुम्बिनीको जोड पर्यटनमा

लुम्बिनी प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३ का लागि ३८ अर्ब ९१ करोड रूपैयाँको बजेट ल्याएको छ । जसमध्ये चालुतर्फ १२ अर्ब एक करोड ४७ लाख ८६ हजार अर्थात् ३०.८८ प्रतिशत र पुँजीगततर्फ २३ अर्ब ४७ करोड १४ लाख ६५ हजार रूपैयाँ अर्थात् ६०.३२ प्रतिशत विनियोजन गरिएको छ । आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले प्रस्तुत गरेको बजेटमा स्थानीय तहलाई वित्तीय हस्तान्तरणका लागि तीन अर्ब ४२ करोड ३७ लाख ४९ हजार रूपैयाँ अर्थात् ८.८० प्रतिशत छुटयाइएको छ ।

लुम्बिनी प्रदेश सरकारले 'समृद्ध लुम्बिनी, खुसी नागरिक'को दीर्घकालीन आकांक्षा हासिल गर्ने संकल्प गरेको छ । उच्च र दिगो आर्थिक वृद्धि हासिल गर्न गरिबी न्यूनीकरण तथा आर्थिक असमानता घटाउनेगरी बजेट तथा कार्यक्रमलाई केन्द्रित गरिएको जनाइएको छ । बुद्ध जन्मस्थल लुम्बिनीमा प्रदेश सरकारले आफ्नो अस्तित्व खोज्नका लागि लुम्बिनी विकास प्राधिकरण गठन प्रक्रिया अगाडि बढाउनेगरी बजेट छुटयाएको छ । पर्यटनलाई प्राथमिकतामा राखेको बजेटले 'लुम्बिनीमा पाइला टेक' भन्ने नाराका साथ लुम्बिनी अन्तर्राष्ट्रिय बौद्ध शिखर सम्मेलनका लागि पनि बजेट छुटयाइएको अर्थमन्त्री कार्कीले बताए । यसैगरी पर्यटन प्रवर्द्धनका लागि तराईमा रमाउने, पहाडमा घुमाउने र हिमाल चढाउने गरी बजेट छुटयाइएको उनले बताए ।

### सुदूरपश्चिमको डल्फिन संरक्षणलाई पनि बजेट

सुदूरपश्चिम प्रदेश सरकारले ३३ अर्ब ४७ करोड ६० लाख ४८ हजार रूपैयाँको बजेट ल्याएको छ । आइतबार बसेको प्रदेशसभा बैठकमा प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिंह थापाले उक्त बजेट प्रस्तुत गरेका हुन् । प्रस्तुत बजेटमध्ये चालुतर्फ १० अर्ब २० करोड, पुँजीगततर्फ १९ अर्ब ८३ करोड, वित्तीय हस्तान्तरणतर्फ तीन अर्ब ४२ करोड र वित्तीय व्यवस्थातर्फ एक करोड रूपैयाँ रहेको छ ।

बजेटको स्रोततर्फ आन्तरिक राजस्व एक अर्ब ६५ करोड, राजस्व बाँडफाँटमार्फत नौ अर्ब ८७ करोड, संघीय रोयल्टीमार्फत आठ करोड, वित्तीय समानीकरण अनुदानबाट आठ अर्ब ९२ करोड, अघिल्लो वर्षको बचत सात अर्ब ६६ करोड, ससर्त अनुदानतर्फ चार अर्ब १६ करोड, समपूरक अनुदान ६० करोड २६ लाख र विशेष अनुदानबाट ५१ करोड ६० लाख रूपैयाँ व्यवस्था हुने अनुमान गरिएको छ । सुदूरपश्चिमले रैथाने र पोषणयुक्त बाली उत्पादनमा जोड दिएको छ भने डल्फिन संरक्षणका लागिसमेत बजेट विनियोजना गरेको आर्थिक मामिलामन्त्री थापाले जानकारी दिए ।

■ ■ ■

## बिगोले थिचिए...

सूर्यदर्शन सहकारी ठगीमा भने लामिछानेसहित ४४ जना प्रतिवादी छन् । लामिछानेका पूर्वव्यावसायिक साझेदार जोशीविरुद्ध त्यहाँ पनि पाँच करोड २६ लाख ६५ हजार र पूर्वउपराष्ट्रपति नन्दकिशोर पुनका छोरा दीपेशविरुद्ध दुई करोड १४ लाख आठ हजार रूपैयाँ बिगो दाबी गरिएको छ । त्यहाँ सबै प्रतिवादीसँग गरी एक अर्ब ५१ करोड ४० लाख १९ हजार रूपैयाँ बिगो दाबी गरिएको छ । त्यसमा लामिछानेविरुद्ध मात्रै तीन करोड रूपैयाँभन्दा बढी बिगो माग गरिएको हो ।

गत वर्षको ६ माघमै रूपन्देहीको बुटवलस्थित सुप्रिम सहकारीको रकम ठगी प्रकरणमा अदालतमा मुद्दा दायर भएको थियो । त्यहाँ लामिछानेसहित ४२ जनालाई प्रतिवादी बनाइएको छ । लामिछानेविरुद्ध मात्रै व्यक्तिगत दुई करोड रूपैयाँ र सामूहिक दुई करोड रूपैयाँ गरेर चार करोड रूपैयाँभन्दा बढी बिगो मागदाबी गर्दै मुद्दा दायर भएको हो । दुई करोड रूपैयाँ रवि लामिछानेको नाममा गएको उल्लेख भौचरसमेत बरामद भएको थियो । त्यहाँ बचतकर्ताको ८६ करोड १८ लाख २३ हजार रूपैयाँ हिनामिना गरेको दाबी गर्दै लामिछानेसहित ४२ जनाविरुद्ध मुद्दा दायर भएको थियो ।

यस्तै, गत वर्षकै २२ माघमा चितवनको साहारा बहुउद्देश्यीय सहकारी ठगीमा चितवन जिल्ला अदालतमा मुद्दा दायर भयो । त्यहाँ लामिछानेविरुद्ध पाँच करोड ७४ लाख रूपैयाँ बिगो मागदाबी भएको छ ।

लामिछाने गत वर्षको २ कात्तिकमा सहकारी ठगी प्रकरणमा जिम्मेवार भन्दै काठमाडौंबाट पक्राउ परेका थिए । काठमाडौं, कास्की, रूपन्देही र चितवनमा जिल्ला अदालतले मागेको धरौटी बुझाएर रिहा भएका थिए । तर, अन्ततः उच्च अदालत बुटवलले उनलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो । उच्चको आदेशले उनी रूपन्देही कारागारमा छन् ।

■ ■ ■

## इजरायल र इरानमा...

साथै, इजरायल र इरानमा रहेका नेपाली नागरिकरुलाई अप्ठ्यारो परेको अवस्थामा सम्पर्क गर्ने फोन नम्बर र इमेल पनि सार्वजनिक गरिदिएको छ ।

हाल चलिरहेको इजरायल-इरान युद्धका दौरान इजरायलका विभिन्न स्थानहरूमा ठूलो जनधनको क्षति पुगेको स्थितिमा इजरायली होम फ्रन्ट कमाण्डद्वारा सर्वसाधारणका लागि लगातार अध्यावधिक निर्देशनहरू जारी भइरहेको तेल अभिभस्थित नेपाली दूतावसले जनाएको छ । दूतावासले नेपालीहरूको सहयोगका लागि २४सै घण्टा हटलाइन सेवा सञ्चालन हुने जनाएको छ ।

दूतावासका अनुसार हाल इजरायलमा अत्यावश्यकबाहेकका कार्यालय बन्द छन् । त्यहाँ रहेका नेपाली नागरिकलाई स्थानीय सुरक्षा प्रोटोकलहरूको पालना गर्न, आफ्नो क्षेत्रका लागि जारी गरिएका अद्यावधिक सूचनाबारे जानकार रहन र आफ्नो सुरक्षातर्फ विशेष ध्यान दिन आग्रह गरिएको छ । साथै, अत्यावश्यक अवस्थामाबाहेक घरबाट बाहिर ननिस्कनसमेत भनिएको छ ।

गत आर्थिक वर्षमा एक हजार पाँचजना युवाहरू वैदेशिक रोजगारीका लागि इजरायल गएका थिए । इरानमा भने गत आवमा वैधानिकरूपमा श्रम स्वीकृति लिएर नेपालीहरू गएको तथ्यांक छैन । दुई देशबीचको युद्धका कारण त्यहाँ रहेका नेपालीहरूको अवस्थाबारे चिन्ता बढेको छ । रोजगारीबाहेक अध्ययनलगायतका प्रयोजनका लागि नेपालीहरू इजरायल जाने गरेका छन् । तर इरान र इजरायलबीचको पछिल्लो स्थितिका कारण उनीहरूको विषयमा चासो र चिन्ता बढेको छ । इजरायलमा गत २०८० असोजमा हमासले गरेको आक्रमणमा १० जना नेपाली विद्यार्थीको ज्यान गएको थियो । इजरायलमा फसेका २८३ विद्यार्थीलाई सरकारले उद्धार गरेको थियो ।

शुक्रबार इजरायलले इरानमा ठूलो मात्रामा आक्रमण गरेको थियो जसमा शीर्ष सैन्य कमाण्डर, आणविक वैज्ञानिकहरू मारिएको र देशभरका सैन्य आधारहरू, आणविक स्थलहरू र आवासीय क्षेत्रहरूमा आक्रमण गरिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । जवाफमा इरानले इजरायलमाथि घातक क्षेप्यास्त्र आक्रमण गरेको छ । निरन्तरको आक्रमणले त्यहाँ रहेका नेपालीहरू त्रासमा छन् ।

# विपद् जोखिमलाई दृष्टिगत गर्दै तयारीमा जुट्न आग्रह

■ प्रभाव संवाददाता

**गण्डकी–** गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सम्भावित विपद् जोखिमलाई दृष्टिगत गर्दै तयारीमा लाग्न सबै सुरक्षा निकायलाई आग्रह गरेका छन् । सशस्त्र प्रहरी बल मुक्तिनाथ बाहिनी पोखराको २४औं स्थापना दिवसका अवसरमा आइतबार यहाँ आयोजित कार्यक्रमको उद्घाटन गर्दै उनले गण्डकी प्रदेश उच्च विपद् जोखिमयुक्त स्थल भएकाले सम्भावित जोखिमको प्रतिकार्यका लागि तयारी हुनुपर्नेमा जोड दिए ।

यस वर्ष औसतभन्दा बढी वर्षा हुने पूर्वानुमान गरिएको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले त्यसतर्फ बेलैमा सचेत बन्नु जरुरी रहेको बताए । उनले सरोकार भएका निकायसँग सहकार्य र समन्वय गर्दै मनसुनजन्य विपद् प्रतिकार्यका लागि कार्ययोजनाका साथ लाग्न सबै सुरक्षा निकायलाई निर्देशन दिए ।

अन्तर्राष्ट्रिय सीमासुरक्षासँगै विपद् व्यवस्थापन, राजस्व, भन्सार तथा औद्योगिक सुरक्षालगायत सशस्त्र प्रहरी बलले निर्वाह गरेको भूमिकाको मुख्यमन्त्रीले प्रशंसा गरे । सीमित साधनस्रोतका बाबजुद विपद् प्रतिकार्यमा प्रदेश सरकारले सुरक्षा निकायलाई सहयोग गर्दै आइरहेको उनले बताए ।

सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेलले देशमा शान्ति सुरक्षाको स्थापनासँगै विपद् उद्धारलगायत क्षेत्रमा सशस्त्र प्रहरी बलले महत्त्वपूर्ण योगदान गर्दै आएको बताए । असीमित आवश्यकता र सीमित साधनस्रोतका बीचबाट प्रभावकारी सेवा प्रवाहमा प्रदेश सरकार अघि बढेको उनको भनाइ छ ।

उक्त अवसरमा मुक्तिनाथ बाहिनीलाई विभिन्न रूपमा सहयोग पुर्‍याएको भन्दै नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेल, दिवसका अवसरमा आयोजित विभिन्न खेलकुद प्रतियोगिताका विजेता, उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी, विभिन्न विधामा पुरस्कृत हुने प्रहरी कर्मचारीलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो ।

उनीहरूलाई मुख्यमन्त्री पाण्डेसहित पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, गण्डकी प्रदेशका प्रमुख सचिव शोभाकान्त पौडेल, कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पौडेल, मुक्तिनाथ बाहिनीका बाहिनीपति दीपेन्द्र शाहलगायतले सम्मान तथा पुरस्कार प्रदान गरेका थिए ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७२/०५/११ मा दर्ता भएको **लामिछाने एग्रिकल्चर फार्म प्राइभेट लिमिटेड (प्रा.लि.नं. १३९२४७)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८२/०३/०२**

यस कम्पनीको मिति २०८२/०१/१६ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **यात्रा फर फन ट्राभल** को नाममा रहेको सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **ट्राभल साथी नेपाल** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०२/०४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **ट्राभल साथी नेपाल** (प्रा.लि.नं.३५६११६) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**शिक्षक आवश्यकता सम्बन्धी सूचना**

**प्रकाशित मिति: २०८१/१२/३१ गते**

सोलुखुम्बुको सोलुदुधकुण्ड नगरपालिका वाड नं.२ मा सञ्चालित **श्री सेतीदेवी आधारभूत विद्यालय** चारघरेको मिति २०८२/०३/०१ गतेको वि.व्य.स. बैठकको निर्णय र सोलुदुधकुण्ड नगरपालिकाको च.नं. १९८७ मिति: २०८२/०३/०१ को पत्रानुसार यस विद्यालयमा रिक्त रहेको तपशिल बमोजिमको शिक्षक दरबन्दी पदपुर्ति गर्नुपर्ने भएको हुँदा योग्यता पुगेका नेपाली नागरिकहरूबाट आवश्यक कागजातको साथ दरखास्त दिनहुन अनुरोध गरिन्छ ।

**तपशिल विज्ञापन नं.– ००१/८२**
- तह श्रेणी:-प्राथमिक शिक्षक तृतीय
- दरबन्दीको किसिम:- लियन (करार)
- पद संख्या : १ (एक)
- शैक्षिक योग्यता : १०+२ (आई.एड)
- तलब स्केल : नेपाल सरकारले तोके बमोजिम

**आवश्यक कागजातहरू**
- हस्तलिखित निवेदन
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि थान २
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि थान २
- स्थायी अध्यायपन अनुमति पत्रको प्रतिलिपि थान २

**परीक्षाको किसिम**
लिखित र अन्तवार्ता (आवश्यकता अनुसार प्रयोगात्मक)
परीक्षा दस्तुर रु. २,०००।- (पछि फिर्ता नहुने गरी)
दरखस्ता दिने अन्तिम मिति:- २०८२/०३/०१ गतेदेखि २०८२/०३/०८ गतेसम्म कार्यालय समयभित्र ।
**उमेर :-** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
सम्पर्क मिति: २०८२/०३/०८ गते कार्यालय समय भित्र
परिक्षा मिति: सम्पर्क मितिका दिन तोकिने छ ।
**नोट**:- शिक्षक सेवा आयोगद्धारा उल्लेखित करार सूचीमा नाम रहेकाहरूको आवेदन पर्न आएमा अन्यको निवेदन स्वत रद्ध गरिने छ । साथै अंग्रेजी माध्यमबाट गणित, विज्ञान र स्वास्थ्य विषय अध्यापन गराउन सक्ने र कम्पप्युटर सम्बन्धी ज्ञान भएको उम्मेद्वारलाई पहिलो प्राथमिकता दिइनेछ ।

**सम्पर्कका लागि: बालकृष्ण श्रेष्ठ ९८४२८९७९४६/हिरा काजी श्रेष्ठ ९८४३९११८३९**

**श्री सेतीदेवी आधारभूत विद्यालय, चारघरे**
**सोलुदुधकुण्ड नगरपालिका-२, सोलुखुम्बु**



**ओमनमा रोजगार** कम्पनी : FUTURE UNITS L L C

पूर्व स्वीकृति मिति : २०८२/०२/३० | LT. No. 325560 | चलानी नं. ६०२३९५०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Juice Makers | 0 | 1 | 150 | ५३,५०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 0 | 2 | 150 | ५३,५०४ | | | | | | | |

कम्पनी : THE FLOWER SELLER - SOLIDARITY

पूर्व स्वीकृति मिति : २०८२/०२/३० | LT. No. 325561 | चलानी नं. ६०२३९५०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PASTE-MAKER | 1 | 0 | 150 | ५३,५०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ८ गते (22th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**साउदीमा रोजगार** कम्पनी : PRO ELITE MIDDLE GENERAL MAINTENANCE - L.L.C - O.P.C

पूर्व स्वीकृति मिति : २०८२/०२/३० | LT. No. 325536 | चलानी नं. ६०२३९४८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Insulation Worker | 1 | 0 | 1500 | ५४,८०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Painters Buildings/painters | 1 | 0 | 1200 | ४३,८४५ | | | | | | | |
| 3 | Riggers | 1 | 0 | 1500 | ५४,८०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ९ गते (23rd Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५

**युएईमा रोजगार** कम्पनी : BAHR ALNASER TECHNICAL SERVICE L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०३/०१ | LT. No. 325663 | चलानी नं. ६०२३९५७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | electrician general | 10 | 0 | 1200 | ४४,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ९ गते (23rd Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


BABY ANGEL INTERNATIONAL PVT. LTD.
Sinamngal - 9, Kathmandu, Nepal Tel: +977-1- 4561353 / 9801029271
E-mail: info@babyangelintl.com.np, babyangelintl@gmail.com, Web : www.babyangelintl.com.np
Govt. License 940/067/068

**कतारमा रोजगार** कम्पनी : ASKLAN TRADING AND AGRICULTURE

पूर्व स्वीकृति मिति : २०८२/०३/०१ | LT. No. 325707 | चलानी नं. ६०२३९६०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | IRRIGAT WORKER | 60 | 0 | 1000 | ३७,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ९ गते (23rd Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)
Govt. License No. 1405/074/75
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 9813013135/ 9851083561/9802358807/9802358802
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

**कुवेतमा रोजगार** कम्पनी : Saudi Kuwaiti Company for Installing Refrigeration & Air conditioning Systems & Extending Air Condit

पूर्व स्वीकृति मिति : २०८२/०३/०१ | LT. No. 325638 | चलानी नं.६०२३९६००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 9 | 0 | 100 | ४४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KURDO EXPRESS RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०३/०१ | LT. No. 325636 | चलानी नं.६०२३९५९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 5 | 0 | 150 | ६७,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Grill Cook | 5 | 0 | 150 | ६७,१४० | | | | | | | |
| 3 | Restaurant (Kitchen Helper) | 5 | 0 | 100 | ४४,७६० | | | | | | | |
| 4 | Shwarma/falafel Cook | 6 | 0 | 150 | ६७,१४० | | | | | | | |
| 5 | Waiters | 8 | 0 | 150 | ६७,१४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ९ गते (23rd Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

# सकियो अन्तर्राष्ट्रिय मातृभाषा पत्रकारिता सम्मेलन



**काठमाडौं (प्रस)–** दोस्रो अन्तर्राष्ट्रिय मातृभाषा पत्रकारिता सम्मेलन सम्पन्न भएको छ। शुक्रबारबाट सुरु भएको सम्मेलन सातबुँदे घोषणापत्र जारी गर्दै शनिबार सकिएको हो।

नेवाः पत्रकार राष्ट्रिय दबुको आयोजनामा भएको सम्मेलनमा बंगलादेश, भारत र नेपालका विभिन्न प्रदेशबाट मातृभाषामा काम गर्ने पत्रकारहरूको सहभागिता रहेको थियो। सम्मेलनमार्फत मातृभाषाको पत्रकारितालाई प्रवर्द्धन गर्नुपर्ने, नेपाल सरकारलगायत सार्क राष्ट्रका सरकार प्रमुखहरूले मातृभाषाको पत्रकारिता गर्ने अधिकार सुनिश्चित गर्नुपर्ने, सरकारीस्तरमा नीति तर्जुमा गरेर बजेटको व्यवस्था गर्नुपर्नेलगायतका माग गरिएको छ।

सम्मेलनको उद्घाटन शुक्रबार प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले गरेका थिए। उनले मातृभाषाको पत्रकारितामार्फत नेपालको संविधानले सुनिश्चित गरेको बहुल समाजभित्रको एकतालाई व्यवहारमा लागू गर्न सकिने बताए। सरकारी सञ्चारमाध्यममा भाषाभाषीका समाचार प्रकाशन र प्रसारण हुँदै आएको सन्दर्भ जोड्दै उनले यसमा थप समृद्ध गर्नुपर्ने विचार राखेका थिए।

दोस्रो दिनको सम्मेलनमा मध्यपुर थिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठले मातृभाषा संरक्षण गर्न स्थानीय सरकार प्रतिबद्ध रहेको बताए। विद्यालयस्तरमा मातृभाषाको अध्यापन गर्नका लागि नगरपालिकाले तयारी गरिरहेकोसमेत उनले बताए।

नेपालका प्रथम मातृभाषी पत्रकार धर्मादित्य धर्माचार्यले नेपाल भाषाको माध्यमबाट पत्रकारिता सुरु गरेको १०१ वर्ष पुगेको उपलक्ष्यमा सम्मेलनको आयोजना गरिएको नेवाः पत्रकार राष्ट्रिय दबुका केन्द्रीय अध्यक्ष नृपेन्द्रलाल श्रेष्ठले बताए। करिब ५० विदेशी पत्रकार तथा १०० जना नेपाली पत्रकारहरू सहभागी रहेको सम्मेलनलाई सार्क जर्नालिस्ट फोरम र नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज)ले सहकार्य गरेका थिए।

# पुँजीगत खर्च नभएकोमा स्वास्थ्यमन्त्रीको चासो

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले पुँजीगत खर्च बढ्न नसकेकामा चिन्ता प्रकट गर्दै समस्या परेका विषय लिएर आए समाधान गर्ने बताएका छन्।

मन्त्रालयअन्तर्गतको मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकलाई सम्बोधन गर्दै उनले नागरिकलाई देखिनेगरी परिवर्तनको आभाष दिलाउनु आफ्नो चाहना रहेको र हुटहुटीका साथ काम गरिरहेको बताए। मन्त्री पौडेलले भने, 'अहिलेसम्म पुँजीगत खर्च सोचेजस्तो हुन सकेको छैन, यो गम्भीर प्रश्न हो। कर्मचारीहरूको कार्यसम्पादन गरेर भए पनि पुँजीगत खर्च बढाउनु आवश्यक देखिन्छ। नीतिगत सुधार आवश्यक भए हामी तयार छौं।'

नागरिकको सरकारी अस्पतालमा विश्वास रहेको भन्दै मन्त्री पौडेलले यसलाई टिकाइराख्न आवश्यक सुधार गर्न तयार रहेको तर कर्मचारीबाट साथ खोजेको बताए। उनले पर्याप्त पुँजीगत खर्च हुन नसक्दा यसमा समस्या देखिएको र अस्पताल नसुधारेसम्म जनशक्ति र पूर्वाधार थपेर मात्र नहुने भन्दै सुधार गर्न आवश्यक नीतिका लागि तयार रहेको प्रतिक्रिया दिए।

अहिलेको चुनौतीपूर्ण अवस्थामा बजेट बढाउन आफूले धेरै मिहेनत गरेको भन्दै यसलाई खर्च गर्ने सवालमा गम्भीर भइदिन कर्मचारीहरूसँग उनले आग्रह गरे। मन्त्री पौडेलले सरकारी कर्मचारीहरूसहित संगठित क्षेत्रलाई स्वास्थ्य बिमामा आबद्ध गराउन सरकारले नीतिगत बाटो खोलेको भन्दै यसलाई कार्यान्वयनमा साथ दिनसमेत आग्रह गरे। 'अहिले स्वास्थ्य बिमामा स्रोत अभाव छ,' उनले भने, 'सबै कर्मचारी र संगठित क्षेत्र आबद्ध गराएमा ४० अर्बसम्म जम्मा हुनसक्छ। यसको कार्यान्वयनमा तपाईंहरूले साथ दिनुहोला।'

# रसुवामा विपद्को पूर्वतयारी

**रसुवा (प्रस)–** वर्षायाम सुरु भएसँगै बाढी, पहिरो र आगलागी घटनाप्रति थप सतर्कता अपनाउँदै जिल्ला विपद् व्यवस्थापन समितिले आवश्यक तयारी पूरा गरेको छ। जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी अर्जुन पौडेलका अनुसार रसुवा जिल्लाको भौगोलिक वनावट नै भिरालो परेका कारण पहिरोले राजमार्ग तथा ग्रामीण मार्गअन्तर्गत बस्तीमा पार्न सक्ने असर र आगलागीजस्ता विपद्को उद्धार व्यवस्थापन मिलाउन जिल्लादेखि स्थानीय तहसम्म गर्नुपर्ने आवश्यक व्यवस्थापनको पूर्वतयारी पूरा भएको हो।

विपद् व्यवस्थापनका लागि जिल्लास्थित सम्बद्ध कार्यालयससहित स्थानीय तहमा उद्धारका सामग्री मौज्दात राख्न सुझाव दिइसकिएको र रसुवामा गठन भएका २७ वटै वडामा सहजकर्ताका रूपमा काम गर्न चाहने व्यक्तिलाई क्षमता अभिवृद्धिको ज्ञान प्रदान गर्ने कार्य सम्पन्न भइसकेको छ।

जिल्लास्थित नेपाली सेना श्रीनाथ गण, सशस्त्र प्रहरी बल २० नम्बर गुल्म र जनपथ प्रहरीलाई संयुक्त रूपले विपद् उद्धार व्यवस्थापन प्रशिक्षणको अभ्यास गराइसकिएको र उद्धार तथा राहतका लागि केही सामग्री थपगरी भण्डारण गराइसकिएको प्रजिअ पौडेलले जानकारी दिए।

आफ्ना मातहतका अधिकृत तथा जवानलाई चालु आर्थिक वर्षमा विपद् व्यवस्थापनअन्तर्गत खोज तथा उद्धारका लागि नेपाली सेना श्रीनाथगणले सातपटक र सशस्त्र प्रहरी बल २० नम्बर गुल्मले तीनपटक छुट्टाछुट्टै अभ्यास तालिम सम्पन्न गराइसकेको सम्बन्धित गण तथा गुल्मले जानकारी दिएका छन्। प्रजिअ पौडेलका अनुसार वर्षायाममा हुनसक्ने अवरोध हटाई नेपाल-चीनबीचको व्यापार व्यवसायसँग प्रत्यक्ष जोडिएको रसुवागढी नाकाको राजमार्ग निर्वाधरूपले सञ्चालन गराउन वर्षायामभरका लागि गल्छी, त्रिशूली, मैलुङ (रसुवागढी सडक सुधार आयोजना र रसुवागढी, चिलिमे, माथिल्ले त्रिशूली एक जलविद्युत् अयोजनालाई जिम्मेवारी तोकिएको छ।

वर्षायामभर रसुवागढीदेखि बेत्रावतीसम्म र जिल्लाभरका ग्रामीण मार्ग निर्वाधरूपले सञ्चालन गराउन, जिल्लाका गोसाइँकुण्ड, आमाछोदिंमो, कालिका, उत्तरगया र नौकुण्ड गाउँपालिका स्काभेटर चालु हालतमा राखी आकस्मिक कार्यका लागि पूर्वतयारीमा रहन अनुरोध गरिसकिएको जनाइएको छ।

वर्षायामभर खोला तथा नदी किनार, छेउछेउमा नहिँड्न र हिँड्नै परे मौसमको प्रतिकूलता हेरी साथी लिएरमात्र यात्रा गर्न अनुरोध गर्दै गोठमा बास बस्नुपरे व्यक्तिगत सुरक्षामा ध्यान दिन अनुरोध गरिएको जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ।

## डिभिजन वन कार्यालय रौतहट

### दरभाउपत्र स्वीकृत गर्ने आसयको सूचना

**प्रकाशन मिति २०८२/०३/०२**

यस डिभिजन वन कार्यालय रौतहटको अधुरो भवन निर्माण र सुधारिएको वन पैदावार घाटगद्धि/डिपो निर्माण कार्यको शिलबन्दी दरभाउपत्र आव्हानको सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ तपसिल अनुसार आसयको सूचना दरभाउपत्र दाताहरुको जानकारीका लागि प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | ठेक्का नं | छनौट भएको दरभाउपत्र दाता | कामको विवरण | रकम (भ्याट सहित) |
|---|---|---|---|---|
| 1 | DFOS- SQ-W-01- 2081-082 | श्री अधिकारी कन्स्ट्रक्सन, चन्द्रपुर न.पा.-४, रौतहट | वृन्दावन सव.डि.व.का अन्तर्गत चेतनगर पोष्टमा रहेको अधुरो भवन निर्माण | रू. १४२३६५३। ७२ |
| 2 | DFOS-SQ-W-02-081- 082 | माँ बौधी कन्स्ट्रक्सन भसेडवा-५ हाल कटहरिया न.पा.२, रौतहट | धनशर सव.डि.व.कामा सुधारिएको वन पैदावार घाटगद्दि/डिपो निर्माण | रू. १९१७१५९। १३ |

**डिभिजनल वन अधिकृत**

## बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

**प्रकाशित मिति: २०८२/03/02**

यस कार्यालयबाट मिति २०८२/०१/१० मा प्रभाव दैनिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित Construction of Kiriya Putri Building at Banepa-९, Kavrepalanchok (MOCT/TDPUOK/W/NCB/٠٨١/٨٢-٠٢) निर्माण कार्यको लागि विद्युतिय माध्यमबाट बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएकोमा नियमानुसार पेश भएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई मूल्यांकन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम यस कार्यालयको मिति २०८२/०३/०१ गतेको निर्णय बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| IFB No. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | जम्मा कबोल रकम रू. |
|---|---|---|---|
| MOCT/ TDPUOK/W/ NCB/081/82-02 | Construction of Kiriya Putri Building at Banepa-9, Kavrepalanchok | D.S/S.R Builders JV, Bhaktapur | १,९२,०८,७३५.०८ (भ्याट र पी.एस. समेत) |

## Shikhar Municipality
## Office of the Municipal Executive
**Talkot, Doti**

## Notice of Intention to Award The Contractt

**Date of publication: 2082/03/02**

This notice has been published to inform all concerned, including the bidders, about the intention to Award Contract regarding the contracts under the tender notice published in National Daily (In 2082/02/09) in accordance with Public Procurement Act, 2063 Clause 27 (2) and Clause 47.

| S. N. | Contract No. | Description of Works | Name and Address of The Successful Bidder | Accepted Bid Amount Including VAT & PS(NRs.) |
|---|---|---|---|---|
| 1. | 02-081/082/SQ/SMDOTI | Procurement Of Supply And Delivery Of Sanitary Pad | Glolobe Drug Suppliers , Dhangadhi-1 Kailalipool Kailali | 11,78,92.08 |

**Chief Administrative Officer**

## बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बेलबारी, मोरङ**
**कोशी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०८२/०३/०२ (16th June, 2025)**

यस बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८२।०१।३० गते राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना मार्फत आह्वान गरिएको तपसिलको ठेक्कामा दाखिला भएका बोलपत्रहरू मध्ये सबैभन्दा न्यूनतम् बोलअंक कबोल गर्ने र सारभूत रुपमा प्रभावग्राही देखिन आएको तपशिल बमोजिमको बोलपत्र स्वीकृतका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्रमा भाग लिने सम्पूर्ण बोलपत्रदाताहरूलाई स्वीकृतिको आशयको सूचना जानकारीका लागि प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | ठेक्का न. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक |
|---|---|---|---|---|
| १ | *BM/MOR/G/ NCB-04-2081-82* | Sahkari Sangh Ko Bhawan Ma Cold Room Jadan | श्री जे.पि. इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. चन्द्रागिरी काठमाडौं | रू. २५,००,०००.०० (अक्षेरपी पच्चिस लाख रुपैया मात्र) (मूल्य अभिबृद्धि कर बाहेक) |
| २ | *BM/MOR/W /NCB-19-2081-82* | Chadani Chowk to Bhaunne Amtola Sadak Jodne Sadak, Dhokar Jane bato Bikash Basnetko Ghar Hudai dakshni Bidhyalaya Samma Sadak, Kaseni Bajar Chowk Dekhi Dakshin Jane Sadak Kalopatree Nirman | श्री राधे राधे निर्माण सेवा सुन्दरहरैचा- १० मोरङ | रू. ६०,४०,८७५.०० (अक्षेरपी साठी लाख चालिस हजार आठ सय पचहत्तर रुपैया मात्र) (मूल्य अभिवृद्धि कर र पि.एस बाहेक) |

## युएइमा रोजगार

कम्पनी : MABDE TRADING LLC

पूर्व स्वीकृति मिति : २०८२/03/01 | LT. No. 325673 | चलानी नं. ६०२३९५९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehousemen | 100 | 0 | 800 | २९,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ९ गते (23rd Jun. 2025) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ९८१/०६७/०६८

**MAHAD MANPOWER PVT. LTD. (SPLENDID JOB SOLUTION PVT. LTD.)**
Tinkune, Kathmandu, Nepal Tel No: +9'77-1-4112456/ 411 2457, WhatsApp: +977 9845312486, +977 9808530379
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com

## युएइमा रोजगार

कम्पनी : Terrex Plantis L.L.C. - O.P.C.

पूर्व स्वीकृति मिति : २०८२/03/01 | LT. No. 325658 | चलानी नं. ६०२३९५६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Garden Workers | 6 | 0 | 1000 | ३७,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ९ गते (23rd Jun. 2025) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Govt.Lic. No- 1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## यूएईमा रोजगार

कम्पनी : NAMAT ALSAMA TECHNICAL AND CLEANING SERVICES L.L.C.

पूर्व स्वीकृत मिति: २०८२/०३/०१ | चलानी नं.: ६०२३९५६३ | LT. No.: 325672 | शहर : Dubai

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 150 | 0 | स. काममा दक्ष | 1000 | ३७,३२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ९ गते (23 June 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि: शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Gov. Lic No. 1746 /081/82

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590,9802390077 | Email: mahainfo59@gmail.com

## कतारमा रोजगार

कम्पनी : Qatar Cleaning Company W.L.L.

पूर्व स्वीकृति मिति : २०८१/११/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/०१ | LT. No. 320168 | चलानी नं. ६०२३४३०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SERVICE AGENT | 28 | 0 | 1000 | ३७,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Al dana center for massage and beauty

पूर्व स्वीकृति मिति : २०८१/११/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/०१ | LT. No. 319391 | चलानी नं. ६०२३३५५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 1 | 1700 | ६४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hair Beautician | 0 | 3 | 1700 | ६४,००० | | | | | | | |
| 3 | Hanna Beautician | 0 | 2 | 1700 | ६४,००० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: शाखा कार्यालय विर्तामोडमा मिति: २०८२ असार २ गते (16th Jun. 2025) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ९५४/०६७/६८

**VARSHA MANPOWER PVT. LTD.**
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# इजरायल-इरान द्वन्द्वबाट नेपाली नागरिक बचाऊ

इजरायल र इरानबीच पछिल्लो समय विकसित घटनाक्रमले मध्यपूर्वी क्षेत्रमा तनाव बढाएको छ । दुई देश एकअर्कामाथि खुलेर आक्रमणमा सक्रिय हुँदा सो क्षेत्रमा कार्यरत नेपालीहरूको सुरक्षा चिन्ताको विषय बनेको छ । इजरायल नेपालीहरूको आकर्षक रोजगार गन्तव्य हो । त्यहाँ सरकारले नै रोजगारीका लागि कामदार पठाउँदै आएको छ । इरानमा भने त्यति नेपाली छैनन् । यी दुई देशबाहेक मध्यपूर्वी देशहरू नेपालीहरूको प्रमुख रोजगार गन्तव्यको रूपमा रहेका छन् । त्यस क्षेत्रमा लाखौं नेपाली कार्यरत रहेका छन् ।

परराष्ट्र मन्त्रालयले आइतबार विज्ञप्ति जारी गरी त्यस क्षेत्रमा रहेका नेपाली नागरिकको सुरक्षाका विषयमा चासो व्यक्त गर्दै उच्च प्राथमिकतामा राखेर काम गर्न सम्बन्धित मुलुकका नेपाली राजदूतहरूलाई निर्देशन दिएको छ । परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले यस्तो निर्देशन जारी गरेकी हुन् । इजरायलको तेल अभिभ र कतारको दोहास्थित नेपाली राजदूतहरूलाई टेलिफोन सम्पर्क गरी नेपालीको सुरक्षालाई उच्च प्राथमिकतामा राखेर काम गर्न, निरन्तर सम्पर्कमा रहन र सम्बन्धित मुलुकले जारी गरेका सुरक्षा सतर्कतासम्बन्धी अद्यावधिक सूचना नियमित रूपमा प्रवाह गरी नेपालीलाई निरन्तर सुसूचित गर्न निर्देशन दिएको मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

मन्त्रालयका अनुसार हाल इजरायलमा करिब पाँच हजार ५०० र इरानमा करिब १२ जना नेपाली रहेका छन् । उनीहरू सबैजना सुरक्षित रहेको जानकारी प्राप्त भएको मन्त्रालयले उल्लेख गरेको छ । दुई पक्षबीच आक्रमण तीव्र बन्दै जाँदा त्यहाँ जोखिम बढ्दै गएको प्रस्ट छ । त्यसैले सरकारले विज्ञप्ति र निर्देशनमा मात्रै सीमित नरही तत्काल जोखिम क्षेत्रबाट नेपालीहरूको उद्धार गर्नेतर्फ पहल गर्नुपर्छ ।

नेपालीहरूले इजरायलमा २०८० असोज २१ मा भोग्नुपरेको दुःखद् घटना ताजै छ । प्यालेस्टाइनी कट्टरपन्थी समूह हमासले इजरायलमा गरेको आक्रमणमा परी १० जना नेपालीको मृत्यु भएको थियो । 'लर्न एण्ड अर्न' कार्यक्रमअन्तर्गत इजरायल पुगेका विद्यार्थीहरू हमासको निसानामा परेको थियो । फेरि अर्को त्यस्तै दुःखद् खबर सुन्न नपरोस् । त्यसका लागि सरकारले तत्काल प्रभावकारी कदम चाल्नुपर्छ । हमास-इजरायल द्वन्द्वका कारण केही समय रोकिएको इजरायल रोजगारी एक वर्षअघि खुला गरिएको थियो । जसअनुसार नेपाली कामदार अझै पनि त्यहाँ गइरहेका छन् । आर्थिक हिसाबले आकर्षक भए पनि इजरायल प्रायः द्वन्द्वमै रहने हुँदा त्यस्तो मुलुकमा नेपाली कामदार पठाउनेबारे पुनर्विचार गर्न आवश्यक छ ।

अहिले इजरायलमात्रै होइन, इरानसँग जोडिएका खाडी मुलुकहरूमा कार्यरत नेपालीहरूको सुरक्षामासमेत सतर्कता अपनाउनुपर्ने टड्कारो आवश्यकता देखिएको छ । बाध्यताले रोजगारीका लागि ती देशमा पुगेका नेपाली नागरिकको जीवनरक्षामा सरकार गम्भीर बन्नुपर्छ ।

# बजेटमा खुलापनको आवश्यकता



■ हरिविनोद अधिकारी

> जब सरकारले आफ्ना वित्तीय योजना खुलारूपमा प्रस्तुत गर्छ, जनतामा सरकारप्रति विश्वास बढ्छ । नेपालमा, जहाँ सरकारी संस्थाप्रति अविश्वासको इतिहास छ, बजेट खुलापनले जनता र सरकारबीचको रिक्तता कम गर्न सक्छ । जनतामा मात्र होइन, दातृ निकायमा पनि विश्वास निर्माण गर्न सफल हुनुपर्छ । विनियोजित रकम बेलामा खर्च हुनुपर्छ, नचाहिँदो खर्च कटौती र आवश्यक खर्चका लागि स्रोत परिचालन गर्न सके जनतामा र बजेट निर्माणसँग सरोकार राख्ने पक्षमा विश्वासको निर्माण जरुरी छ ।

हाम्रो देशको संविधानले संघीय बजेट सार्वजनिक गर्ने दिन तोकेको छ, जेठ १५ गते । वि.सं. २००८ देखि बजेटमार्फत योजनाबद्ध आम्दानी र खर्च गर्ने परम्परा सुरु भएको हो । यहाँ स्मरणीय छ, २००७ सालमा नेपालमा जहानियाँ राणा शासनको अन्त्य भएपछि मुलुकले प्रजातन्त्रको नयाँ बिहानी सुरु भएपछि नेपाल वैश्विक प्रजातान्त्रिक वातावरणमा पुगेको थियो । वि.सं. २००८ मा तत्कालीन अर्थमन्त्री सुवर्णशमशेर राणाले बजेट प्रस्तुत गरेर नेपालमा बजेट परम्पराको थालनी गरेका थिए । तत्कालीन सरकारलाई मुलुक प्रजातान्त्रिक प्रक्रियामा प्रवेश गरेको कुराको जानकारी दिनु पनि थियो र मुलुकमा योजनाबद्ध तरिकाले विकासको सुरुआत गर्नु पनि थियो ।

नेपालमा त्यसपछि त्रिवर्षीय, पञ्चवर्षीय योजना बन्न थाले र योजनाका आधारमा एक आर्थिक वर्षका लागि आय र व्ययको अनुमान गरेर जनप्रतिनिधिमूलक संस्थामा प्रस्तुत गर्न थालियो । सामान्यतः आधुनिक नेपालमा साउन संक्रान्तिबाट नयाँ आर्थिक वर्षको सुरुआत मान्ने र असार मसान्तमा आर्थिक वर्षको अन्त मानेर बजेट प्रस्तुत तथा कार्यान्वयन गर्ने प्रचलन चलेको पाइन्छ । बजेटमा व्यवस्था गरेका आम्दानी र खर्चको कार्यान्वयन आर्थिक वर्षको पहिलो दिनबाटै होस् भनेर असारसम्ममा दुवै सदनबाट बजेट पारित गरिने छ । त्यसैले जेठ १५ गते नै बजेट प्रस्तुत गर्न थालिएको हो । कतिपटक त संसद् विघटन भएका बेला परेकाले बजेट अध्यादेशका रूपमा सार्वजनिक गरिएको पनि उदाहरण पाइन्छ । प्रजातान्त्रिक प्रक्रियामा कार्यपालिकाले गरेको आम्दानी खर्चको स्वतन्त्ररूपमा परीक्षण गरेर कमीकमजोरी सच्याउनका लागि संविधानमा नै स्वायत्त निकायका रूपमा महालेखा परीक्षकको व्यवस्था गरिएको छ ।

संविधानसभाले बनाएको नेपालको संविधान (२०७२) ले गरेको व्यवस्थाअनुसार गणतन्त्र दिवसकै दिन जेठ १५गते नेपालको संघीय संसद्को संयुक्त बैठकमा आर्थिक वर्ष २०८२/८३ को आय व्ययको अनुमान अर्थात् बजेट प्रस्तुत गर्नुपर्ने थियो, गरियो । अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आर्थिक वर्षका लागि १९ खर्ब ६४ अर्ब ११ करोड रूपैयाँको अनुमानित आयव्ययको विवरण प्रस्तुत गर्नुभन्दा पहिले आर्थिक सर्वेक्षण २०८१/८२ प्रस्तुत गरेका थिए । विनियोजित कूल रकममध्ये चालुतर्फ ११ खर्ब ८० अर्ब ९८ करोड रूपैयाँ अर्थात् ६०.१ प्रतिशत, पुँजीगततर्फ चार खर्ब सात अर्ब ८९ करोड रूपैयाँ अर्थात् २०.८ प्रतिशत, वित्तीय व्यवस्थापनतर्फ तीन खर्ब ७५ अर्ब २४ करोड रूपैयाँ अर्थात् १९.१ प्रतिशत रहेको छ । यो अनुमान चालु आर्थिक वर्षको विनियोजनकोक तुलनामा ५.६ प्रतिशतले बढी र संशोधित अनुमानको तुलनामा १८.२ प्रतिशत बढी हो । कूल विनियोजनमा प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ चार खर्ब १७ अर्ब ८३ करोड रूपैयाँ विनियोजन भएको देखिन्छ ।

यसैगरी खर्च बेहोर्ने आर्थिक स्रोतमध्ये राजस्वबाट १३ खर्ब १५ अर्ब रूपैयाँ, वैदेशिक अनुदानबाट ५३ अर्ब ४५ करोड रूपैयाँ बेहोर्दा पाँच खर्ब ९५ अर्ब ६६ करोड रूपैयाँ न्यून हुनजाने देखिन्छ । सो न्यून पूरा गर्न वैदेशिक ऋणबाट दुई खर्ब ३३ अर्ब ६६ करोड रूपैयाँ जुटाउने लक्ष्य राखिएको छ । राजस्व परिचालन र वैदेशिक सहायता परिचालन गर्दा नपुग भएको तीन खर्ब ६२ अर्ब रूपैयाँ आन्तरिक ऋणबाट बेहोरिने उल्लेख छ ।

चालु खर्चमा बढ्न थालेको दायित्व र सार्वजनिक ऋण (वैदेशिक तथा आन्तरिक ऋण) को साँवा ब्याजसहित तिर्नुपर्दा र विकासका लागि खर्चको जोहो गर्दा वैदेशिक अनुदानको मात्रा घट्दै जानु, बेलामा आयोजनाहरू सम्पन्न नहुनु र त्यसमा लागत बढ्ने क्रमले पनि खर्चमा दबाब सिर्जना भएको देखिन्छ भने उत्पादनमा सहजीकरण नभएर र राजस्वमा विविधीकरण नहुँदा अनुमान गरिएको राजस्व र वैदेशिक अनुदानको मात्रा नपुग हुँदा पनि बजेटमा असन्तुलन आउन थालेको देखिन्छ । बजेटका नयाँ कार्यक्रम भनेर नयाँ खर्चका कुनै विषय थप गरिएको देखिँदैन र पनि दुई वर्षभित्रमा चामलमा आत्मनिर्भर हुने, पाँच लाख परिवारलाई जग्गा धनी पुर्जा वितरण गर्ने, सार्वजनिक निकायमा इन्टर्नलाई परिचालन गर्ने, निजी क्षेत्रसँग सात खर्ब रूपैयाँबराबरको परियोजना विकास सम्झौता गर्ने, हप्तामा २० घण्टा कामको न्यूनतम् ज्यालासहित कमाउँदै पढ्दै कार्यक्रम लागू गर्ने, व्यवसायीलाई विदेशमा पनि लगानी गर्न खुला गर्ने, वृद्धभत्ताको उमेर ६८ बाट बढाएर फेरि ७० गरिएको छ ।

बजेटमा नयाँ कुराभन्दा पनि कार्यान्वयनको समस्या देखिन्छ । नेपाली परम्परामा साउनदेखि बजेट कार्यान्वयन गर्ने भने पनि मंसिरयता कार्यान्वयन हुने सम्भावना देखिँदैन । स्थानीय तह, प्रदेश तथा संघीय मन्त्रालयको बेरुजुको चाङ हेर्दा बजेटको खासै सदुपयोगभन्दा पनि जथाभावी बेनियमले खर्च गर्ने प्रवृत्तिमा कसरी हो नियन्त्रण गर्ने प्रणाली विकास गर्नुपर्ने देखिन्छ । बेरोजगारी घटाउने, उत्पादनशीलता बढाउने कुरा बजेटमा देख्दा र निजी क्षेत्रसँग सहकार्य गर्ने नीतिले केही आशा जगाउने देखिए पनि इमान्दारिताका साथ कार्यान्वयन गर्ने आत्मबल अर्थ मन्त्रालयले राख्नुपर्छ । सबै तहले सहयोग गरे बजेट कार्यान्वयनमा पनि आउँछ र लक्ष्यबमोजिमको परिणाम पनि आउने छ । यसपटकको बजेट महत्त्वाकांक्षी छैन भन्दा पनि खुला बजेटका सिद्धान्तलाई पालना गरिएको देखिँदैन भन्ने खुला बजेटका विज्ञहरूको धारणा छ । बजेट खुलापन लोकतन्त्रको आधारभूत सिद्धान्त हो किनभने यसले सरकारको वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही र जनताप्रति उत्तरदायी बनाउँछ । नेपालजस्ता लोकतान्त्रिक देशमा बजेट खुलापनका निम्न कारणले महत्त्वपूर्ण छः

### पारदर्शिता र जवाफदेही

खुला बजेटले सरकारले कसरी राजस्व संकलन गर्छ र खर्च गर्छ भन्ने जानकारी जनतासमक्ष पुऱ्याउँछ । यसले भ्रष्टाचार र दुरूपयोगलाई कम गर्न मद्दत गर्छ । उदाहरणका लागि, यदि बजेट विवरण सार्वजनिक छैन भने सरकारी अधिकारीले आफ्नो स्वार्थका लागि रकम दुरूपयोग गर्न सक्छन् भन्ने मानिन्छ, जस्तो कि अहिले नै बजेटमा देखिएका कमीहरू बाहिर आउन थालेका छन् । कतिपय रकमको अपारदर्शी शीर्षक र अनुत्पादक खर्चको रूपमा मान्न थालिएको देखिन्छ । र पनि बजेटको खास खुलापन भनेको नै बजेटको संरचनामा पारदर्शिता आवश्यक छ र जसको जे जिम्मा हो, त्यसका लागि बेलैमा कार्यान्वयन गर्ने जवाफदेहीता रहनुपर्छ । अहिलेको बजेट संरचनामा केही हदमा पारदर्शिता त छ, तर पनि बजेट गोप्य राख्नुपर्छ भन्ने पुरातन मान्यतामा अझै परिवर्तन ल्याउन सकिएको पाइँदैन । खुला बजेट सर्वेक्षण २०२३ मा नेपालले १०० पूर्णांकमा ५० अंक प्राप्त गरेको पाइन्छ ।

### नागरिक सहभागिता

लोकतन्त्रमा जनताको सहभागिता महत्त्वपूर्ण हुन्छ । खुला बजेटले नागरिकलाई बजेट निर्माण प्रक्रियामा भाग लिन, आफ्ना आवश्यकता र प्राथमिकताहरू व्यक्त गर्न प्रोत्साहन गर्छ । जस्तैः स्थानीय तहमा बजेट छलफलले समुदायका वास्तविक समस्याहरू सम्बोधन गर्न सकिन्छ । अहिले हामीसँग तीन तहका सरकार छन् र खासगरी स्थानीय तहले बजेटको यथार्थस्वरूप प्रदान गर्न, त्यसको कार्यान्वयन गर्ने र जनताका समस्याहरूसँग आत्मसात् गरी उनीहरूका समस्याको समाधान गर्ने गरेको पाइन्छ । प्रदेश र स्थानीय तह आफैंमा स्वनिर्भर र स्वतन्त्ररूपमा आयको अवस्थामा छैनन् र तिनीहरूको खर्चको सबैजसो भार संघीय बजेटले बेहोर्नुपरेको देखिन्छ । यसमा नागरिकको सहभागिताका लागि २०२३ को खुला बजेट सर्वेक्षणमा १०० पूर्णांकमा ३१ अंक प्राप्त भएको तथ्यांक सार्वजनिक भएको थियो ।

### विश्वासको निर्माण

जब सरकारले आफ्ना वित्तीय योजना खुलारूपमा प्रस्तुत गर्छ, जनतामा सरकारप्रति विश्वास बढ्छ । नेपालमा, जहाँ सरकारी संस्थाप्रति अविश्वासको इतिहास छ, बजेट खुलापनले जनता र सरकारबीचको रिक्तता कम गर्न सक्छ । जनतामा मात्र होइन, दातृ निकायमा पनि विश्वास निर्माण गर्न सफल हुनुपर्छ । विनियोजित रकम बेलामा खर्च हुनुपर्छ, नचाहिँदो खर्च कटौती र आवश्यक खर्चका लागि स्रोत परिचालन गर्न सके जनतामा र बजेट निर्माणसँग सरोकार राख्ने पक्षमा विश्वासको निर्माण जरुरी छ ।

### सुशासन

सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको सुशासन हो । खुला बजेटले नीति निर्माणमा प्रभावकारिता ल्याउँछ । नागरिकले बजेटको निगरानी गर्न सक्छन् र गलत खर्च वा प्राथमिकतामा प्रश्न उठाउन सक्छन् । उदाहरणका लागि यदि शिक्षा वा स्वास्थ्यमा कम बजेट छुटचाइएको छ भने नागरिकहरूले त्यसको विरोध गर्न सक्छन् । बजेट निगरानी गर्ने भनेको संसद्का विभिन्न समितिहरू, आन्तरिक लेखापरीक्षण, सार्वजनिक सुनुवाइसहितको सामाजिक परीक्षण, महालेखापरीक्षण, विभिन्न न्यायिक तथा अर्धन्यायिक संस्थाहरूले बजेट निगरानी गर्नुपर्छ । खासगरी जसका लागि बजेट विनियोजित छ, त्यही पक्ष बढी सजग भएर बजेटको निगरानी गर्नुपर्छ । खुला बजेट सर्वेक्षणमा बजेट निगरानीमा पूर्णांक १०० मा नेपालले ४६ अंकमात्र प्राप्त गरेको देखिन्छ ।

### अन्तर्राष्ट्रिय मापदण्ड

बजेटका लागि प्रजातान्त्रिक मुलुकहरूमा अनेक मापदण्ड राखिएका हुन्छन्, जसले बजेटमा पारदर्शिता देखियोस्, यथार्थमा आधारित होस्, मुलुकको यथार्थ आर्थिक अवस्था चित्रण गरेर आगामी दिनका लागि योजना बनाओस् । अन्तर्राष्ट्रिय मञ्चहरू, जस्तैः ओपन बजेट इनिसिएटिभले बजेट पारदर्शितालाई लोकतान्त्रिक सुशासनको सूचक मान्छन् । नेपालले यस्ता मापदण्ड पालना गरेर अन्तर्राष्ट्रिय विश्वसनीयता बढाउन सक्छ । बजेट परम्पराको ७४ वर्ष हुँदा पनि अन्तर ाष्ट्रिय मान्यतामा पुग्न सकिएको देखिँदैन । यसको अर्थ यो पनि होइन कि प्रयास भएकै छैन ।

नेपालका सन्दर्भमा, सन् २०२३ को ओपन बजेट इन्डेक्सअनुसार नेपालको बजेट पारदर्शिता मध्यमस्तरको छ । यसलाई सुधार गर्न डिजिटल प्लेटफर्म, स्थानीय भाषामा बजेट जानकारी र नागरिक छलफलका मञ्चको विकास आवश्यक छ । खुला बजेटलेमात्रै लोकतन्त्र सुदृढ हुन्छ, किनभने यो जनताको अधिकार र सरकारको कर्तव्यबीचको 'सेतु' हो । *रासस*

## श्रम सरोकार

# निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन् । निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ । किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ । निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन् । यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने ।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने ।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्रायः काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको टचाग नै लगाइएको हुनुपर्दछ । साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ ।
- आफूले नजानेको, नबुझेको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ ।
- शारीरिक र मानसिकरूपमा अस्वस्थ रहेको बेला काम गर्नु हुँदैन, आराम गरी पहिला स्वस्थ बन्नुपर्दछ ।
- ठूलो हावाहुरी चल्दा, पानी पर्दा या अरू कुनै प्रदूषण फैलिएको असामान्य र असुरक्षित अवस्थामा काम गर्नु हुँदैन ।
- काम गर्दा अचानक कुनै दुर्घटना हुन गए, कुनै हानि नोक्सानी हुन गए या अप्रत्यासितरूपमा प्रतिकूल अवस्था सिर्जना भए तुरून्त आफूभन्दा सिनियरलाई खबर गरी समाधान खोज्नुपर्दछ । कुनै शंका लागे सोध्नुपर्छ । अन्दाजमा कुनै काम गर्नु हुँदैन ।

# मानसिक स्वास्थ्यमा 'डिजिटल' जीवनशैलीको प्रभाव



■ विविशा पौडेल

> मानसिक स्वास्थ्य कुनै एक व्यक्तिमात्र होइन, सम्पूर्ण समाजको समृद्धिको आधार हो । त्यसैले डिजिटल जीवनसँग समायोजन गर्दै, सामाजिक सञ्जालको विवेकपूर्ण प्रयोगमार्फत सन्तुलन कायम राख्न हामी सबै जिम्मेवार हुनुपर्छ । यही बाटोले मात्र हाम्रो भविष्य स्वस्थ र सकारात्मक बन्न सक्छ ।

२१ औं शताब्दी सूचना प्रविधिको क्रान्तिको युग हो । इन्टरनेटको विकाससँगै सामाजिक सञ्जालहरू दैनिक जीवनको अभिभाज्य अंग बन्न पुगेका छन् । हामी सूचना प्राप्ति, सम्पर्क राख्ने, विचार आदानप्रदान गर्ने र मनोरञ्जन लिने अधिकांश कार्य यिनै माध्यमबाट गरिरहेका छौं । सामाजिक सञ्जालले विश्वलाई 'ग्लोबल भिलेज' मा परिणत गरेको छ । यस प्रविधिले मानिसको जीवनशैलीमा आमूल परिवर्तन ल्याएको छ, व्यक्तिगत सम्बन्धदेखि सामाजिक चेतनासम्म । आज व्यक्ति आफूलाई मात्र नभई, समग्र समाजलाई असर गर्ने कुराहरूमा पनि सहभागी हुने माध्यम बनेको छ सामाजिक सञ्जाल ।

तर यस्ता परिवर्तनसँगै देखिएको अर्को महत्त्वपूर्ण पक्ष भनेको मानसिक स्वास्थ्यसँग सम्बन्धित जटिलता हो । मानसिक स्वास्थ्य भन्नाले हाम्रो भावनात्मक, मनोवैज्ञानिक र सामाजिक सन्तुलन बुझिन्छ । यसले कसरी सोच्ने, अनुभव गर्ने, व्यवहार गर्ने र अरूसँग सम्बन्ध राख्ने कुरामा गहिरो प्रभाव पार्छ । मानसिक स्वास्थ्य बिग्रँदा व्यक्तिको व्यक्तिगत, पारिवारिक, शैक्षिक, सामाजिक र व्यावसायिक जीवन प्रभावित हुन थाल्छ ।

सामाजिक सञ्जालले सूचना तथा ज्ञानको पहुँच अत्यन्त सजिलो बनाएको छ । एक क्लिकमै विश्वभरका समाचार, वैज्ञानिक तथ्य, स्वास्थ्यसम्बन्धी जानकारी र विविध शैक्षिक सामग्री प्राप्त गर्न सकिन्छ । मानसिक स्वास्थ्यको सन्दर्भमा हेर्दा पनि 'मेन्टल हेल्थ'सम्बन्धी अभियानहरूले जनचेतना फैलाएका छन् । विशेषज्ञहरूसँग प्रत्यक्ष वा अप्रत्यक्षरूपमा जोडिने, थेरापिस्टहरूको सुझाव पढ्न पाउने वा भिडियो हेरेर सिक्ने अवसरहरू सामाजिक सञ्जालमार्फत सहज भएका छन् । युटचुब, इन्स्टाग्राम, रिल्स वा टिकटकजस्ता माध्यमबाट आत्मविश्वास बढाउने टिप्स, तनाव व्यवस्थापनका उपाय, ध्यान तथा योगसम्बन्धी ज्ञान विस्तार भएको छ । टाढा रहेका आफन्त वा साथीभाइसँग सम्पर्क राख्न सामाजिक सञ्जालले सेतूको काम गरेको छ । खासगरी विदेशमा रहेका परिवारजन, वा लामो समयदेखिका साथीहरूसँग सम्पर्क कायम राख्न फेसबुक, ह्वाट्सएपजस्ता माध्यमले सहयोग पुऱ्याएको छ । साथै सामाजिक सञ्जालले यसले एक्लोपन घटाउने, आत्मीयता जगाउने र भावनात्मक सन्तुलन कायम राख्ने अवसर दिन्छ ।

मानसिक समस्या भोगिरहेका व्यक्तिहरूका लागि सहयोग गर्ने तथा कुराकानी गरी आनन्द दिनाले धेरैलाई सबल बनाउने माध्यमका रूपमा मनोरञ्जन प्रदान गरेको छ । यस्ता समूहले अनुभव बाँड्ने, सहानुभूति प्राप्त गर्ने र समाधानको बाटो खोज्न सहयोग पुऱ्याएको छ । त्यसैगरी सामाजिक सञ्जालले विचार, भावना, कला र सिर्जनात्मकतालाई अभिव्यक्त गर्ने ठूलो मञ्च प्रदान गरेको छ । धेरैले लेख, चित्र, कविता वा भिडियो बनाएर आफ्ना भावना पोख्ने माध्यमको रूपमा प्रयोग गरेका छन्, जसले मानसिक तनाव कम गर्न सहयोग गरेको छ । सामाजिक सञ्जालमा आफ्नो आवाज उठाउने, समर्थन प्राप्त गर्ने र समुदायसँग जोडिनु मानसिक दृष्टिकोणले निकै सकारात्मक पक्ष हो । अभिव्यक्ति स्वतन्त्रताले आत्मबल बढाउँछ, जुन मानसिक स्वास्थ्यका लागि महत्त्वपूर्ण पक्ष हो ।

सामाजिक सञ्जालका नकारात्मक पक्ष पनि उत्तिकै छन् । सामाजिक सञ्जालमा बढ्दो तुलना संस्कृतिले धेरै व्यक्तिको आत्मसम्मानमा चोट पुऱ्याएको पाइन्छ । 'परिपूर्ण जीवन' को झूटो प्रदर्शनले पनि धेरैलाई असन्तुष्टि र हीनता बोध भएको भावनामा पार्दछ । यसमा विशेषतः किशोरकिशोरीहरू बढी पर्छन् । लतका रूपमा सामाजिक सञ्जालको अत्यधिक प्रयोगले मानसिक समस्या निम्त्याएको छ । सामाजिक सञ्जालको लतले निद्राको खलबलिने, खानापानको अनियमितता, पढाइ वा काममा ध्यान नलाग्ने तथा दैनिक जीवन असन्तुलनमा पार्दछ । सानो सूचनाका लागि पनि अनलाइन हेर्ने बानीले स्मरणशक्ति कम गर्ने खतरा हुन्छ । साथै साइबर बुलिङको समस्यामा पर्ने, ट्रोलिङ, नकारात्मक टिप्पणीहरूले गहिरो मनोवैज्ञानिक असर पार्दछ । सामाजिक सञ्जालले सामूहिक दुनियाँबाट मानिसलाई अल्याउँदै लगेको छ । प्रत्यक्ष भेटघाट, संवाद र आत्मीयता घट्दै गएको छ । 'भर्चुअल' कुराकानीले वास्तविक भावनात्मक सम्बन्धहरू कमजोर बनाउँदै लगेको छ । आफू 'सामाजिक रूपमा जोडिएको' जस्तो लागे पनि, व्यवहारमा एक्लोपन र अलगाव बढ्दो छ । यो दीर्घकालीन रूपमा मानसिक अशान्तिको कारण बन्न सक्छ ।

किशोरावस्था आत्मपहिचान निर्माणको संवेदनशील चरण हो । सामाजिक सञ्जालमा देखिने जीवनशैली, सौन्दर्य मान्यता वा 'ट्रेण्ड' को अनुकरण गर्न युवाहरूमा अत्यधिक दबाब देखिन्छ । सामाजिक सञ्जालका 'इन्फ्लुएन्सर' को जीवनशैली अनुकरण गर्न खोज्दा असफलता र तनाव उत्पन्न हुन्छ । साथै, निरन्तर अनलाइन उपस्थितिले अध्ययन, ध्यान केन्द्रित गर्ने क्षमता र रचनात्मकतामा बाधा पुऱ्याएको पाइन्छ । महिला प्रयोगकर्तामाथि सामाजिक सञ्जालमा यौनिक वस्तुकरण तथा अनलाइन दुर्व्यवहार अत्यधिक देखिन्छ । 'फोटो हचारेस्मेन्ट', 'डिप फेक' सामग्री, तथा निजी जीवनमा घुसपैठले मानसिक आघात पुऱ्याउँछ । त्यस्तै सौन्दर्य मान्यताको कठोरता, शरीरको आकार, छालाको रङ, फेसन आदिले महिलाको आत्मबल घटाउने काम गर्छ । महिलाले झेल्नुपर्ने टिप्पणी, तुलना र दबाबले आत्मविश्वासमा असर पुऱ्याउँछ । त्यस्तै मानसिक रोग भएका व्यक्ति डिप्रेसन, एन्जाइटीजस्ता समस्या भएका व्यक्तिका लागि सामाजिक सञ्जाल मिश्रित प्रभावको कारक हो ।

एकातर्फ यस्ता व्यक्तिहरू ट्रिगर गर्ने सामग्रीबाट प्रभावित हुन सक्छन् । जसले तिनीहरूको लक्षण झनै गम्भीर बनाउँछ । अर्कोतर्फ, सकारात्मक प्रयोगद्वारा उनीहरूले सहायता समूह, मनोपरामर्श सेवाको जानकारी, तथा साथ दिने मानिस भेट्नसक्ने सम्भावना पनि हुन्छ । डिजिटल साक्षरता सामाजिक सञ्जालको सकारात्मक प्रयोग गर्न अनिवार्य आवश्यक छ । विद्यालय, कलेज र सार्वजनिक तहमा सामाजिक सञ्जालसम्बन्धी साक्षरता दिन जरुरी भएको छ । यथार्थ र आभासी दुनियाँबीचको भेद बुझाउने, 'फिल्टर गरिएको' जीवनलाई सत्य नमान्न सिकाउने, तुलना नगर्ने संस्कार विकास गर्नु आवश्यक छ ।

मानसिक स्वास्थ्य कुनै एक व्यक्तिमात्र होइन, सम्पूर्ण समाजको समृद्धिको आधार हो । त्यसैले डिजिटल जीवनसँग समायोजन गर्दै, सामाजिक सञ्जालको विवेकपूर्ण प्रयोगमार्फत सन्तुलन कायम राख्न हामी सबै जिम्मेवार हुनुपर्छ । यही बाटोले मात्र हाम्रो भविष्य स्वस्थ र सकारात्मक बन्न सक्छ ।



**सडकमा बिस्कुन** | देउखुरीको राप्ती गाउँपालिका-७ स्थित छोड्की सिसहनियामा शुक्रबार परेको पानीले हिउँदमा छरेर भित्र्याउने बेला भएको मकै भिजेपछि शनिबार खाली सडकमा सुकाउँदै स्थानीय । *तस्बिर: कुलदीप न्यौपाने*

# साङ्ता गाउँ बल्ल सञ्चारको पहुँचमा

**मुस्ताङ-** वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको पहलमा नेपाल दूरसञ्चार प्राधिकरणअन्तर्गत नेपाल टेलिकम जोमसोमले मुस्ताङ र डोल्पाको सीमावर्ती गाउँ साङ्तामा सञ्चारको पहुँच स्थापित गरेको छ ।

मुस्ताङ-डोल्पाको सिमाना नजिकै पर्ने साङ्ता गाउँ जोमसोमबाट करिब ४० किलोमिटर टाढा पर्दछ । भौगोलिक रूपले विकट मानिएको भिरालो सतहमा अवस्थित साङ्ता गाउँमा १३ परिवारको बसोबास रहेको छ । यहाँ अघिल्लो स्थानीय तह निर्वाचनमा ३४ जना मतदाता थिए । कृषि र पशुपालनमा आश्रित साङ्ता गाउँ वारागुङ मुक्तिक्षेत्र-५ अन्तर्गत पर्दछ । सरकारी निकायको कम उपस्थित हुने यो गाउँमा पछिल्लो समय विकासले पाइला टेक्न थालेको छ । यसअघि अभाव, अशिक्षा र आर्थिक विपन्नताले कष्ठकर बनेको यहाँका नागरिकको दैनिकी विस्तारै सहज बन्दै गएको हो ।

मुस्ताङ र डोल्पामा सडक विस्तार, सौर्य ऊर्जा पहुँचसँगै मोबाइल नेटवर्क सेवा सुरु हुन थालेपछि दैनिकी सहज हुने भन्दै स्थानीय उत्साहित भएका छन् । बर्सेनि सात महिना गाउँमा र पाँच महिना प्रतिकूल मौसमका कारण घुम्ती बासस्थान सार्ने गरेका यहाँका नागरिकमा अहिले भने आधारभूत सेवा प्रवाह हुन थालेसँगै आशाको सञ्चार पलाउन थालेको छ ।

नेपाल टेलिकमले वारागुङ मुक्तिक्षेत्र-२ को घिउलाडाँडामा रहेको माइक्रोवेभ रेडियो लिंकको रिपिटर टावरबाट जडान गरी साङ्ता गाउँमा मोबाइल फोन र थ्रिजी इण्टरनेट सेवा विस्तार गरिएको टेलिकम जोमसोमका कार्यालय प्रमुख हुमबहादुर भुजेलले जानकारी दिए । उनका अनुसार बेस्ट ट्रान्समिसन स्टेसन (बिटिएस) जडान गरी सञ्चारको पहुँच स्थापित गरिएको हो ।

साङ्ता गाउँमा मोबाइलसँगै थ्रिजी इण्टरनेट सेवा सञ्चालन गर्न एक बिटिएस रिपिटर टावरसँगै अर्को मोबाइल सेवाको





बिटिएस रिपिटर र भौतिक पूर्वाधार निर्माण सम्पन्न भई सेवा सञ्चालनमा आएको कार्यालय प्रमुख भुजेलले बताए । सरकारको लक्ष्यअनुसार जनताले गुणस्तरीय सञ्चार सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले साङ्ता गाउँमा मोबाइल नेटवर्क सेवा सञ्चालनमा ल्याइएको कार्यालय प्रमुख भुजेलले उल्लेख गरे । मुस्ताङ-डोल्पा सडकको सिमावर्ती गाउँ साङ्तामा मोबाइल (बिटिएस) सेवा सुरु गर्न सौर्य ऊर्जा प्यानल जोडेर ४८ भोल्ट विद्युत् क्षमताको मोबाइल नेटवर्क सेवा सञ्चालनमा ल्याइएको उनले जानकारी दिए ।

गाउँमा पहिलोपटक नेपाल टेलिकमको (बिटिएस) मोबाइल सेवा सञ्चालनमा आएसँगै सञ्चार पहुँच विस्तारले जनजीवन सहज बन्ने स्थानीय छिरिङ पाल्साङ गुरुङले विश्वास व्यक्त गरे । 'पहिले बाहिर कसैलाई फोन गर्नुपरे एक घण्टा हिँडेर लेकमा जानुपर्थ्यो, अहिले गाउँमा सञ्चार सेवा पुगेपछि समय र खर्चको बचत भएको छ,' उनले भने । मोबाइल आपत्विपत पर्दा सूचना थाहा पाउन र व्यावसायिक प्रयोजनमा पनि प्रयोग गर्न सकिने गुरुङको भनाइ छ । स्थानीय झप्याङ गुरुङले गाउँमा मोबाइल सेवा सुरु भएपछि समाचार पढ्न, फोन गर्न र कुनै सूचना प्राप्त गर्न सजिलो भएको बताए ।

वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिञ्जिङनाम्गेल गुरुङले जिल्लाको विकट गाउँ साङ्तामा मोबाइल सेवा सञ्चालनमा आएसँगै स्थानीयवासीमा आशाको सञ्चार भएको उल्लेख गरे । गाउँमा मोबाइल सेवा सुरुभएसँगै प्रसूति र दीर्घरोगीका साथै यहाँ आउजाउ गर्ने सबैलाई सञ्चार सुविधाले सहज हुने उनले विश्वास व्यक्त गरे ।

'भौगोलिक विकटता र कम जनसंख्या भएकाले यहाँ सञ्चार सेवा पुऱ्याउन सकेका थिएनौं । निरन्तरको प्रयासपछि सरकारले हाम्रो प्रयासलाई मूर्तरूप दिएको छ । यहाँका समस्या, चुनौती, विकास पूर्वाधारलगायत क्षेत्रको विकासमा सञ्चारले सहयोग पुऱ्याउने विश्वास छ,' उनले भने ।

वारागुङ-५ का वडाध्यक्ष सुरेन्द्र गुरुङले साङ्ता गाउँमा जडान भएको मोबाइलको टावर र सञ्चार गृहको संरक्षणका लागि तारबारसहित संरचना निर्माण गरिने बताए । मुक्तिक्षेत्रकी उपाध्यक्ष डिकी गुरुङले गाउँपालिकाको पहलमा अघिल्लो वर्ष सौर्य ऊर्जा विद्युत् र यो वर्ष मोबाइल सेवा सञ्चालनमा ल्याउन सफल भएको बताइन् । *'रासस*

# मैवाखोलामा श्रमदानबाट काठेपुल निर्माण

**फुङ्लिङ (ताप्लेजुङ)-** मैवाखोला गाउँपालिकामा जनश्रमदान अभियानमार्फत काठेपुल निर्माण थालिएको छ । मैवाखोला-४ साँघुस्थित एकबासे नेरुवाखोला र माङमाया खोलामा अस्थायी मोटरेवल काठेपुल निर्माण सुरु गरिएको हो ।

गाउँपालिकाका अध्यक्ष विजयप्रकाश वनेमको अगुवाइ र स्थानीय समुदायको सहभागितामा श्रमदान अभियानमार्फत पुल निर्माण थालिएको पालिका कार्यालयले जनाएको छ । करिब तीन लाख ५० हजार रूपैयाँबराबरको श्रमदान गरेर नेरुवाखोलामा काठे मोटरेवल पुल निर्माण हुने अध्यक्ष वनेमले जानकारी दिए ।

पुल बनाउँदा प्रयोग हुने भ्याकु लोडर (मेसिन), ट्र्याक्टर र तारजाली गाउँपालिकाले उपलब्ध गराउने छ भने अन्य आवश्यक सामग्री सबै श्रमदानमार्फत जुटाइने उनले बताए । वनेमका अनुसार माङमाया खोलामा एक लाख ५० हजार रूपैयाँबराबरको श्रमदानमार्फत अस्थायी मोटरेवल पुल निर्माण भइरहेको छ । वर्षाको समयमा स्थानीयलाई आवागमनमा समस्या हुने भएकाले काठेपुल निर्माण गर्न थालिएको अध्यक्ष वनेमले उल्लेख गरे । सवारीसाधानसहित पैदलयात्री सहज रूपमा आउजाउ गर्न मिल्नेगरी अस्थायी काठेपुल निर्माण गर्न लागिएको उनको भनाइ छ ।

काठेपुल निर्माण गर्न सो क्षेत्रका स्थानीय नागरिक, टोल विकास संस्था, युवालगायत सहभागी भएर पालिकाले विगतदेखि श्रमदान अभियान सञ्चालन गर्दै आएको छ । *रासस*

# एक सय शय्याको बन्यो मध्यविन्दु प्रादेशिक अस्पताल

**नवलपरासी (प्रस)-** बर्दघाट-सुस्तापूर्वको कावासोती-१६ डण्डास्थित मध्यविन्दु प्रादेशिक अस्पताल १०० शयचामा स्तरोन्नति भएको छ । जिल्ला अस्पतालका रूपमा १५ शयचाबाट सेवा सुरु गरेको अस्पताल गण्डकी प्रदेशको प्रादेशिक अस्पतालमा परिणत भएसँगै यही जेठ १२ गतेबाट १०० शयचामा स्तरोन्नति भएको शनिबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।



अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा. रमेश आचार्यका अनुसार गण्डकी प्रदेशको मन्त्रिपरिषद् निर्णयबाट सय शयचामा स्तरोन्नति भएको अस्पतालको दरबन्दी, जनशक्ति र पूर्वाधार गण्डकी प्रदेश सरकारबाट थप हुँदै जाने सहमति भएको छ । अहिले अस्पतालमा ९९ जनाको दरबन्दी रहेको उनले बताए । आचार्यले आगामी चार वर्षभित्र १०० शयचालाई आवश्यक पर्ने दरबन्दी थप गर्दै लैजाने सहमति भएको बताए । अस्पतालले सुरुआती अवस्थामा २२ विशेषज्ञ चिकित्सक र १५ मेडिकल अधिकृतको दरबन्दी पुऱ्याउनेगरी गण्डकी प्रदेश सरकारसँग सम्झौता गरेको भन्दै डा. आचार्यले सुरुआती अवस्थामा अप्राविधिक जनशक्ति स्थानीय स्रोतसाधनबाट राखिने बताए ।

अस्पतालमा अहिले फिजिसियन, नाक, कान, घाँटी, आँखालगायतका विभागमा चिकित्सकको दरबन्दी रहेको र केही दिनमा छालाका चिकित्सकको दरबन्दी कायम गराउने उनले बताए । अस्पतालमा आइसियू तथा एनेस्थेसिया विभाग नभएकोले यी सुविधा थप गरिएको अवस्थामा बिरामी भएर भरतपुर जानुपर्ने अवस्थाको अन्त्य हुने डा. आचार्यको भनाइ छ । अस्पतालले तीनवटा अत्याधुनिक मोडुरल अपरेसन थिएटर निर्माण गरेको भए पनि विद्युत् आपूर्तिमा समस्या भएका कारण सञ्चालनमा ल्याउन नसकिएको उनले बताए ।

पत्रकार सम्मेलन अस्पतालका व्यवस्थापन समिति अध्यक्ष बालकृष्ण घिमिरेले अस्पतालमा ट्रमा युनिट थप गर्ने तयारी भइरहेको बताए । अस्पतालको नयाँ भवन निर्माणाधीन अवस्थामा रहेको भन्दै यही असार मसान्तसम्म भवन निर्माण सम्पन्न गरी नयाँ भवनबाट सबै सेवासुविधा प्रवाह गर्ने तयारी भइरहेको घिमिरेले बताए । अस्पतालले दुई सिफ्टमा डायलाइसिस सेवा प्रदान गरिरहेको र एक सिफ्ट थप गरेर बिरामीलाई सहजरूपमा डायलाइसिस सेवा प्रदान गर्नेगरी काम अगाडि बढिरहेको अध्यक्ष घिमिरेको भनाइ छ ।

अस्पताल सञ्चालनमा रहेको ठाउँको जमिन वनको नाममा रहेको भन्दै उनले त्यस जग्गालाई अस्पतालको नाममा ल्याउनेगरी काम भइरहेको बताए । वन मन्त्रालयमा गएर फाइल रोकिएको भन्दै अस्पतालल फैलिएको १०.५९ हेक्टर क्षेत्रफलमध्ये सुरुमा २.२ हेक्टर क्षेत्रफल अस्पतालका नाममा ल्याउनेगरी काम भइरहेको अध्यक्ष घिमिरेले बताए । अस्पतालको दीर्घकालीन योजना सुनाउँदै घिमिरेले आफ्नै रक्तसञ्चार केन्द्र, पालिकामा स्वास्थ्य शिविर, शैक्षिक कार्यक्रम सञ्चालन गर्ने तयारी रहेको उनले बताए ।


## प्रमाणपत्र हरायो

मिति २०८१/१२/०१ गते कलंकीदेखि त्रिपुरेश्वर जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाणपत्रहरू साथै सक्कली **Nepal Nursing Council** मा दर्ता भएको **Nursing License** सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

Name : Bharati Adhikari
Address : Chandragiri-13, Kathmandu, Nepal
Registration No.: 22607
Contact No. : 9851238968

## मोटरसाइकल हराएको सूचना

मिति २०८२।०२।२५ गते काठमाडौं, कीर्तिपुर न.पा-०६, चोभार स्थित चियाचौतारी रेस्टुरेन्ट अगाडी पार्किङ गरिराखेको खैरो/निलो रङ्गको Bajaj NS 200 cc मोटरसाइकल दिनको अन्दाजी १:०० देखि २:३० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम : शुभम शेखर झा**
**बाइक नं.: बा.प्र.०२ ०५३ प ०५०३**
**च्यासिस नं.: MD2A36FX2RCE98035**
**इन्जिन नं. : JLXCRE94034**
**ठेगाना: का.म.न.पा-१४, बल्खु, काठमाडौं**
**सम्पर्क: ९८४४८६४६११**


# मधेश विश्वविद्यालय
## वीरगंज, पर्सा
## कानून तथा जनप्रशासन संकाय

## एम.पि.ए.प्रथम सेमेस्टर २०८२ नयाँ भर्ना सम्बन्धी

यस मधेश विश्वविद्यालय, कानून तथा जनप्रशासन संकाय, डीनको कार्यालयद्वारा संचालित Master's in Public Administration कार्यक्रमका लागि नयाँ विद्यार्थी भर्ना गर्न हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | | |
|---|---|---|
| १. | आवेदन फाराम वितरण र दर्ता | २०८२/०२/२६ गते देखि २०८२/०३/२५ गते सम्म |
| २. | फाराम उपलब्ध हुने तथा बुझाउने स्थान तथा समय | दरखास्त फाराम यस मधेश विश्वविद्यालयको केन्द्रीय कार्यालय, वीरगंज, पर्सा बाट प्राप्त हुनेछ। फाराम तल दिएको वेबसाइटबाट डाउनलोड गरी फाराम भर्न सक्नु हुनेछ। madheshuniversity.edu.np/download/form मा Click गरी दरखास्त फाराम डाउनलोड गरी भर्न पाउनेछ। बिहान १०:०० बजे देखि ५:०० बजे सम्म विश्वविद्यालयमा । |
| ३. | प्रवेश परीक्षा दस्तुर | रु.१५००।- (अक्षरुपी एक हजार पाँच सय मात्र । ) दस्तुर एनएमबि बैंक, वीरगंज, पर्सा खाता मधेश विश्वविद्यालय राजस्व खाता को नम्बर ०१९०१४५३५६३०००३४ मा रकम जम्मा गरी उक्त दरखास्त फाराम साथै बैङ्कको सक्कल भौचर समेत कार्यालयमा बुझाउनु पर्नेछ । |
| ४. | प्रवेश परीक्षा शुल्क बुझाउने विधि र स्थान | नगद रसिद कार्यालयमा आएर तिर्नुपर्ने र अनलाइनको लागि तल उल्लेख गरिएको बैंक खातामा तिरी रसिद / भौचर कार्यालयमा बुझाउनु पर्ने । |
| ५. | प्रवेश परीक्षा मिति र समय | पछि प्रकाशन हुनेछ । |
| ६. | प्रवेश परीक्षा केन्द्र | पछि प्रकाशन हुनेछ । |
| ७. | प्रवेश परीक्षामा आवेदनको लागि चाहिने न्यूनतम योग्यता | ● नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तहको प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको । ● स्नातक तह वा सो सरहको अन्तिम परीक्षाको कुल प्राप्ताङ्कको कम्तीमा ४५% अंक वा २.५ GPA ल्याई उत्तीर्ण गरेको हुनु पर्नेछ । |

८. आवेदन फाराम बुझाउँदा निम्न लिखित कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
- स्नातकको प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको लब्धांक-पत्र, चारित्रिक प्रमाण-पत्र, एक/एक प्रति प्रतिलिपि ।
- प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको लब्धांक पत्र, चारित्रिक प्रमाण-पत्र, एक/एक प्रति प्रतिलिपि ।
- नेपाल बाहेक स्वदेशी वा विदेशी शिक्षण संस्थाहरुबाट अध्ययन गरेको विद्यार्थीलाई समकक्षता प्रमाण-पत्रको प्रतिलिपि पेश गर्नु पर्ने हुनेछ ।
- SEE/SLC उत्तीर्ण गरेको लब्धांक पत्र, चारित्रिक प्रमाण-पत्र, एक / एक प्रति प्रतिलिपि ।
- नागरिकताको प्रतिलिपी ।
- हाल सालै खिचेको पासपोर्ट साइजको फोटो २ (दुई) प्रति ।

९. प्रवेश परीक्षाको पाठ्यक्रम तथा नमूना प्रश्नपत्र वा अन्य थप जानकारीको लागि डीन कार्यालय ०५१-५९२२९२ मा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

**कानून तथा जनप्रशासन संकाय**
**डीन कार्यालय**

ठेगाना: वीरगंज, पर्सा ।
website: madheshuniversity.edu.np सम्पर्क नं. ०५१-५९२२९२,
ईमेल : madheshuniversity.p2@gmail.com

## मलेसियामा रोजगार

कम्पनी : KONG LEE ENG SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०२/३० | LT. No. 325578 | चलानी नं.६०२३९४९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Livestock Worker | 10 | 0 | 1700 | ५५,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : KONG LEE ENG SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०३/०१ | LT. No. 325579 | चलानी नं.६०२३९५४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Livestock Worker | 10 | 0 | 1700 | ५५,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : KONG LEE ENG SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०३/०१ | LT. No. 325580 | चलानी नं.६०२३९५४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Livestock Worker | 10 | 0 | 1700 | ५५,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ९ गते (23rd Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 333/059/60
SUHASHA LINK PVT. LTD.
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,

## युएइमा रोजगार

कम्पनी : EURO PLUS CLEANING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/०३/०१ | LT. No. 325646 | चलानी नं. ६०२३९५८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 9 | 40 | 1000 | ३७,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ९ गते (23rd Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १५३०/०७७/७८
ONE STOP HR SOLUTIONS PVT. LTD.
Pinglashthan-09, Gaushala, Kathmandu, Nepal, Cell: 9851341893/94
Tel: +977-01-5915892, Email: onestophrsolution080@gmail.com, Web: www.onestophrsolution.comnp

## युएइमा रोजगार

कम्पनी : CLEANCO TRADING IMPORTING & SERVICES EST

पूर्व स्वीकृति मिति : २०८०/१०/११ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०३/०१ | LT. No. 298800 | चलानी नं. ६०२१३७८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner | 0 | 50 | 900 | ३३,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Male Cleaner | 60 | 0 | 800 | २९,८५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ९ गते (23rd Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075
OM OVERSEAS EMPLOYMENT PVT.LTD
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050, Pokhara Branch: 9846325187
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## कुवेतमा रोजगार

कम्पनी : Layali Rose Restaurant & Cafe Company

पूर्व स्वीकृति मिति : २०८२/०३/०१ | LT. No. 325661 | चलानी नं. ६०२३९५९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | waiter/waitress | 3 | 2 | 135 | ६०,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ९ गते (23rd Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1650/080/81
PRAKASH HUMAN RESOURCE PVT
Sinamangal-9, Shambhu Marg Kathmandu Nepal, T: +977-1-4560201
Email:- info@prakashhumanresource.com, Web: prakashhumanresource.com

प्रभाव दैनिक

रूपशाला

## पौड्याललाई गद्य कविता पुरस्कार

अभिनव साहित्य समाजले यस वर्षको अभिनव विष्णुचन्द्र वर्षोत्कृष्ट गद्य कविता पुरस्कार बुद्धिसागर पौड्याललाई अर्पण गरेको छ । उनले १० हजार रूपैयाँ पाएका छन् । भैरव स्मृति भवनमा आयोजित कार्यक्रममा प्राध्यापक तथा साहित्यकार पुरूषोत्तम दाहालले पुरस्कार प्रदान गरेका थिए । सोही अवसरमा आयोजित मुक्तक लेखन तथा वाचन प्रतियोगितामा सुशान्त कोइराला पहिलो, समृद्धि श्रेष्ठ द्वितीय, अंशु कशजु श्रेष्ठ तृतीय तथा सोनिया पौडेल र श्रीषा बर्तौला तृतीय भए ।



सोमबार, ०२ असार, २०८२ (Monday, June 16, 2025)

# ३० हजारले अवलोकन गरे ललितकला प्रदर्शनी





■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान (नाफा)ले काठमाडौंमा आयोजना गरेको 'राष्ट्रिय ललितकला प्रदर्शनी, २०८२' ३० हजारभन्दा बढीले अवलोकन गरेको जनाएको छ ।

मौलिकताको जगेर्ना, रोजगारीको सिर्जना र अर्थतन्त्रमा योगदान दिने उद्देश्यले गत जेठ १५ देखि ३१ गतेसम्म सम्पन्न प्रदर्शनीमा कला पारखीको उल्लेख्य सहभागिता रहेको प्रतिष्ठानले जानकारी दिएको छ । प्रतिष्ठानले आइतबार एक विज्ञप्ति जारी गरी प्रदर्शनी सफल बनाउन सहयोग गर्ने सातै प्रदेश तथा संघका संघसंस्था, कला पारखी तथा सहयोगी प्रतिनिधिहरूलाई धन्यवाद दिएको छ ।

'लोकतान्त्रिक गणतन्त्रको भावधारा र सांस्कृतिक राष्ट्रिय नारालाई उजागर गर्दै प्रदेश तथा स्थानीयस्तरमा रहेका रैथाने कलाका गुणस्तरमा जोड दिनेगरी कार्यक्रमसहित प्रदर्शनीको आयोजना गरिएको हो,' प्रतिष्ठनका सदस्यसचिव देवेन्द्रकुमार काफ्ले थुम्केलीले भने, 'यसले नेपाली कलालाई स्थानीयस्तरबाट केन्द्र हुँदै विश्वमा पुग्नका लागि महत्त्वपूर्ण सहयोग मिलेको अनुभव गरेका छौं ।'

प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले 'राष्ट्रिय ललितकला प्रदर्शनी-२०८२' मा पुरस्कृत, सहयोग र सहकार्य गर्ने सम्पूर्णलाई बधाइ दिँदै प्रतिष्ठानले आगामी दिनमा अनुसन्धान, कलाकारको सर्वेक्षणलगायतका कामलाई प्राथमिकता दिने जानकारी गराए ।

प्रदर्शनीमा सातै प्रदेशका ६५ जिल्लाका ६०० बढी कलाकारका ६५० कलाकृति राखिएको थियो । समसामयिक चित्रकला/मूर्तिकला, परम्परागत चित्रकला/मूर्तिकला, वास्तुकला तथा लोककला, शिल्पहस्तकला एवं बहुआयामिक तथा अन्य सिर्जनात्मकलगायत विविध विधा-उपविधाका कलाकृति राखिएको प्रदर्शनीमा कला पारखी, राजनीतिज्ञ, बुद्धिजीवी, आमजनसाधारणको उत्साहजनक उपस्थिति थियो ।

गणतन्त्र दिवसका अवसर पारेर यही जेठ १५ गतेदेखि सुरु गरिएको प्रदर्शनीले नेपाली ललितकलाको अवस्थालाई नजिकबाट नियाल्न मद्दत मिलेको प्रतिष्ठानले विज्ञप्तिमार्फत जानकारी दिएको छ । प्रतिष्ठानका उपकुलपति एवं राष्ट्रिय ललितकला प्रदर्शनीका कार्यकारी संयोजक लालकाजी लामाले राष्ट्रिय ललितकला प्रदर्शनीले नेपालको ललितकलाको बहुआयामिकतालाई चिनाउन सफल भएको बताए । 'प्रदर्शनी समय सापेक्षितरूपमा अघि बढेको छ । नेपालका रैथाने, मौलिक कला, शिल्प-ज्ञानलाई मूलधारमा ल्याई अन्तरराष्ट्रियकरण गर्न सफल भएको छ,' उनले भने ।

उनले प्रदर्शनीले मौलिकताको जगेर्नासँगै नेपाली सभ्यता र सांस्कृतिक वैभवतालाई चिनाउन महत्त्वपूर्ण भूमिका खेलेको बताए । सदस्यसचिव थुम्केलीले यस वर्षको प्रदर्शनीमा नेपालका सीमान्तकृत, अल्पसंख्यक समुदायदेखि लोपोन्मुख तथा प्रचलित विविध विधाका कलाकृति समेटिएको उल्लेख गरे । प्रतिष्ठानले अनुसन्धान, सिर्जना र सम्मानसँगै ललितकला क्षेत्रको संरक्षण, संवर्द्धन एवं सर्वांगीण विकासार्थ विशेष रणनीतिक योजनासाथ सिर्जनात्मक क्रियाकलापहरू गर्दै/गराउँदै आएको छ ।

# वरूणकान्तको 'प्रकृतिको मन'को लोकार्पण



**काठमाडौं (प्रस)–** जीव, जगत् र जीवनको चर्चासम्बन्धी विषयवस्तु समेटिएको समाजशास्त्री वरुणकान्त अधिकारीको कृति 'प्रकृतिको मन' लोकार्पण गरिएको छ ।

जानकारीमूलक, उत्प्रेरक र आमपाठकका लागि उपयोगी प्रबन्धनात्मक उक्त साहित्यिक रचनाको आइतबार यहाँ आयोजित कार्यक्रममा वरिष्ठ कूटनीतिज्ञ प्रा.डा. जयराज आचार्यले लोकार्पण गरे । पुस्तकमा सभ्यताको विकाससँगै मानव चेतनाले प्रमाणित गरेका, धारणा बनाइएका, विश्वास गरेका, कल्पना र अनुमान गरेका गहन विषयवस्तु समेटिएको छ ।

ज्ञान र विज्ञानको आलोकमा जीवको अस्तित्व, मानव विकासक्रम, अन्तरिक्ष, समय, मानवमन, मानव सम्यता, जीवन दर्शनजस्ता गहन र रहस्यमय विषयवस्तु समावेश कृतिले पाठकको ज्ञानको स्तर अभिवृद्धि गर्ने लेखक अधिकारीले बताएका छन् ।

सृष्टिका विविध रहस्यप्रति अभिरुचि गराउनु, युवा पुस्तालाई अध्ययन, अनुसन्धान र अन्वेषण कार्यमा अभिप्रेरित गर्दै ज्ञानका माध्यमबाट समाजलाई सकारात्मक दिशातर्फ अघि बढाउन कृति अध्ययनले सहयोग पुग्ने विश्वास गरिएको छ । त्यस अवसरमा प्रा.डा. आचार्यले जीव, जगत् र जीवनको चर्चा गरिएको प्रकृतिको मन शीर्षक कृतिमा समेटिएका विषयले मन अद्भूत चीज रहेछ भन्ने स्पष्ट पार्न कोसिस भएको बताए ।

उनले विश्व ब्रह्माण्डमा सूर्य, चन्द्रमा, पृथ्वी, मंगल, बुधजस्ता ग्रह र नक्षत्रका बीचमा सृष्टिका हिसाबले सानो कणका रूपमा रहेको मानवले त्यस्ता विषयवस्तुको अध्ययन र अनुसन्धान गरी वास्तविकता बाहिर निकाल्ने काम चुनौतीका बीचमा पनि सम्भव तुल्याएको धारणा राखे ।

खगोलशास्त्री डा. प्रेमराज ढुंगेलले प्रकृति नै सर्वेसर्वा हो भन्ने कोणबाट अर्थशास्त्र, समाजावाद, भौतिकवाद, राजनीतिक, मानवशास्त्रलगायतका विषयवस्तुलाई गहिऱ्याइसम्म पुगेर ठेट र झर्रो शब्द प्रयोग भएको पुस्तक जुनसुकै शैक्षिक योग्यता भएकाले सजिलै बुझ्न सक्ने बताए ।

वनस्पतिविद् डा. महेन्द्रनाथ सुवेदीले शून्यताको आत्मकथा, समय र अस्तित्व, जीवन दर्शनसँग जोडिएका विषयवस्तु समेटिएको पुस्तकमा समयलाई पैसाले देख्ने कस्तो मनुष्य हो भन्ने पक्ष चाखलाग्दो रहेको धारणा राखे । समाजसेवी गायत्री अधिकारीले कृतिमा विज्ञान, समाजशास्त्र, मानवशास्त्रलगायतका मानवले ध्यान दिनुपर्ने र जान्नुपर्ने धेरै महत्त्वपूर्ण विषय समेटिएको बताइन् ।

क्रम विकास, समय र अस्तित्व तथा जीवन दर्शन गरी तीन भागमा विभाजित कृतिमा जीवनको आरम्भ र विकास, सुन्दरीका सन्तान, पुर्खाको विरासत, समय सुन्दर, सौर्यमण्डल, आकाश दर्शन, मनको साम्राज्यलगायत शीर्षकमा विविध विषयवस्तु समेटिएको छ । अनिता शर्मा पौडयाल प्रकाशक तथा प्रगति पुस्तक सदन वितरक रहेको ३५४ पृष्ठको उक्त कृतिको मूल्य ९७५ रूपैयाँ रहेको छ ।

## रंगशाला

# साफ महिला च्याम्पियनसिपका लागि छानिए ३० खेलाडी



■ प्रभाव संवाददाता

**काठमाडौं–** यही असार २७ देखि आगामी साउन ६ गतेसम्म बंगलादेशमा आयोजना हुने यु-२० दक्षिण एसियाली फुटबल संघ (साफ) महिला च्याम्पियनसिप फुटबल प्रतियोगिताका लागि ३० खेलाडी छनोट भएका छन् ।

उक्त प्रतियोगिताका लागि नेपाली टोलीका मुख्य प्रशिक्षक यमप्रसाद गुरुङले दोस्रो चरणको बन्द प्रशिक्षणबाट १० खेलाडीलाई आउट गर्दै ३० खेलाडी छनोट गरे । बन्द प्रशिक्षणको पहिलो चरणमा ४० खेलाडी सहभागी थिए ।

बन्द प्रशिक्षणबाट छनोट हुने खेलाडीमा अनिशा राई, अस्मिता गुरुङ, वर्षा ओली, भावना परियार, बिर्सना चौधरी, गंगा रोकाया, झुमा विश्वकर्मा, जुना तामाङ, लीला जोशी, मनिषा सेन, माया मास्के, मीना देउवा र कविता गुरुङ छन् । त्यसैगरी करुणा बुढाथोकी, कुसुम खतिवडा, लीला चन्द, पूर्णिमा राई, पुनम चेम्जोङ, सजिना स्याङ्तान, समीक्षा मगर, सनिमा माया लो, सरिताकुमारी नाथ, सेमिहाङ्मा लिम्बू, सेनु परियार, सिम्रन राई, सीता रोकाया, सुजाता तामाङ, सुक्रिया मिया, सुशीला केसी र रूपा लिम्बू छन् ।

बन्द प्रशिक्षणबाट अमिता भुल, सुनिता विक, सुनिता सुनार, प्रतीमा शर्मा मरिना लामा, अवानी राजेश्वरी, गायत्री मल्ल, रोजिता विष्ट, सविता मण्डल र संगीता अधिकारी भने बाहिरिएका छन् ।

# पाउद्वारमा खेलमैदान निर्माण

**म्याग्दी (प्रस)–** म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ पाउद्वारमा खेलमैदान निर्माण भएको छ । अन्नपूर्ण गाउँपालिकाको सहयोगमा खयरभारानी युवा क्लवले पाउद्वारमा खेलमैदान निर्माण भएको हो । उपभोक्ता समितिका सचिव भविन पाइजाले पाखोबारी सम्याएर खेलमैदान निर्माण गरिएको जानकारी दिए ।

अन्नपूर्ण गाउँपालिकाको २१ लाख ५० हजार रूपैयाँ बजेटबाट पाखोबारी सम्माएर ८५ मिटर लम्बाइ र ३० मिटर चौडाइको खेलमैदान निर्माण गरिएको जानकारी दिए । 'विद्यालयको खेलमैदानमा खेलअभ्यास र प्रतियोगिता सञ्चालन गर्दा पठनपाठन समस्या भएपछि नयाँ ठाउँमा जग्गा खोजेर खेलमैदान निर्माण गरिएको हो,' उनले भने, 'पोखोबारी सम्याएर खेलमैदान बनाएका हौं ।'

डोजर परिचालन गरेर सम्माइएको खेलमैदानको डिलतर्फ ग्याबियन पर्खाल निर्माण र बल छेक्न तारजाली निर्माण गरिएको छ । खेलमैदान निर्माण गर्न स्थानीय रामकृष तिलिजाले दुई लाख २० हजार रूपैयाँबराबरको एक आना जग्गा दान गरेका छन् । छ लाख ६० हजार रूपैयाँ मूल्यबराबरको थप तीन रोपनी जग्गा खरिद गरिएको थियो । खेलमैदान निर्माणका लागि पाउद्वारका १३५ घरपरिवारले एक/एक दिनका दरले श्रमदान गरेका छन् ।

# मेस्सीको इन्टर मियामी बराबरीमा रोकियो

**काठमाडौं (प्रस)–** लिओनल मेस्सीको कप्तानीमा रहेको इन्टर मियामीले घरेलु मैदानमा इजिप्सियन क्लब अल अहलीसँग बराबरी खेल्दै फिफा क्लब विश्वकप यात्रा सुरुआत गरेको छ । आइतबार भएको उद्घाटन खेल गोलरहित बराबरीमा टुंगिएको हो । यो नतिजासँगै समूह 'ए' का दुवै टोलीले समान एक अंक बाँडेका छन् ।

अमेरिकाको मियामीस्थित हार्ड रक रंगशालामा भएको खेलमा दुवै टोलीले पाएका केही अवसरलाई सदुपयोग गर्न सकेनन् । खेलको ४३औं मिनेटमा ट्रेजेगुएट पेनाल्टीमा चुक्दा अहलीले अग्रता लिने सुनौलो अवसर गुमायो । उनको प्रहारलाई मियामीमा गोलकिपर ओस्कार उस्तारीले बचाए ।

दोस्रो हाफमा इन्टर मियामीले गोलको अवसर बनाए पनि सफल हुन सकेन । मेस्सीको प्रहारलाई अहलीका गोलरक्षकले उत्कृष्ट बचाउ गरेका थिए । घरेलु दर्शकको समर्थन रहे पनि पहिलोपटक क्लव विश्वकप खेलेको इन्टर मियामी अन्ततः अंक बाँड्न बाध्य भयो । इन्टर मियामीको अर्को खेल १९ जुनमा पोर्टोविरुद्ध खेल्ने छ । सोही दिन अल अहली पाल्मेइरासविरुद्ध मैदानमा उत्रने छ । नयाँ फर्मेमा पहिलोपटक ३२ क्लबलाई सहभागी गराइएको फिफा क्लब विश्वकपले सबैको ध्यान तानेको छ ।

# सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिप आजदेखि

**काठमाडौं (प्रस)–** सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिप आजदेखि सुरु हुने भएको छ । सूर्य नेपाल गल्फ टुर २०२४-२५ को अन्तिम तथा सर्वाधिक नगद पुरस्कार राशिको यो प्रतियोगिता गोकर्ण गल्फ क्लबमा सुरु हुँदै छ । असार ५ गतेसम्म हुने प्रतियोगिता ७२ होलको हुने आयोजकले जनाएको छ । ३६ होलपछि कट लागू हुने नियम रहेको छ । कट बनाउने शीर्ष २१ प्रोफेसनल खेलाडीहरू (टाइ परेमा होलसमेत) तथा त्यही स्कोर बनाउने एमेच्योर खेलाडीहरूले अन्तिम दुई राउण्डका लागि स्थान बनाउने नेपाल प्रोफेसनल गल्फर्स एसोसिएसनका महासचिव दिपक आचार्यले बताए ।

चार दिने प्रतियोगितामा ३७ जना प्रोफेसनल गल्फरले हालसम्मकै सर्वाधिक १६ लाख रूपैयाँ पुरस्कार राशीका लागि दाबेदारी प्रस्तुत गर्ने जनाइएको छ । प्रतियोगितामा १८ जना उत्कृष्ट एमेच्योर खेलाडीहरू पनि प्रतिस्पर्धा गर्ने छन् । विजेताले उपाधिसहित तीन लाख रूपैयाँ पुरस्कार प्राप्त गर्ने छन् । दोस्रो हुने खेलाडीले एक लाख ८५ हजार, तेस्रोले एक लाख २५ हजार, चौथोले एक लाख पाँच हजार र पाँचौं हुनेले ९२ हजार रूपैयाँ हात पार्ने छन् । शीर्ष २१ भित्र रहने सबै खेलाडी नगद पुरस्कारको हकदार बन्ने आयोजकको भनाइ छ ।

# पदक विजेता शारीरिक सुगठन टोलीलाई स्वागत



**काठमाडौं (प्रस)–** राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले भुटानमा भएको १५औं दक्षिण एसियाली शारीरिक सुगठन प्रतियोगिताका पदक विजेतासहित टोलीलाई आइतबार स्वागत गरेको छ ।राखेपका सदस्यसचिव टंकलाल घिसिङ, राखेप कार्यकारी समितिका सदस्य कमलबहादुर भट्टराईलगायतले टोलीलाई त्रिपुरेश्वरस्थित राखेपमा स्वागत गर्दै पदक दिलाउन सफल भएकामा बधाइ ज्ञापन गरे ।

त्यसअघि आइतबार नै नेपाली टोलीलाई कार्यकारी समितिका सदस्य भट्टराई, नेपाल शारीरिक सुगठन तथा फिट्नेस महासंघका प्रथम उपाध्यक्ष विजयलाल कायस्थसहित पदाधिकारी, खेलाडी, प्रशिक्षक, शुभचिन्तक, परिवारजनलगायतले अन्तर ाष्ट्रिय विमानस्थलमा स्वागत गरेका थिए ।

भुटानको थिम्पुमा गत जेठ ३० र ३१ गतेसम्म सञ्चालन भएको उक्त प्रतियोगितामा नेपालले एक स्वर्ण र तीन रजतपदक जितेको थियो । नेपालबाट तीन पुरुष र दुई महिला गरी पाँच खेलाडीको सहभागिता थियो । महिला एथलेटिक फिजिकमा उर्मिला श्रेष्ठले नेपाललाई स्वर्ण दिलाइन् । सोही स्पर्धामा शीला ठकुरीले रजतपदक जितिन् । पुरुष ५५ केजी तौल समूहमा शरद सुवालले रजत तथा पुरुष स्पोर्टस् फिजिक १७५ सेन्टिमिटर मुनी अवतार श्रेष्ठले रजत पदक जितेका हुन् । पुरुष स्पोर्टस् फिजिक १७५ सेन्टिमिटर माथि प्रनिश श्रेष्ठ पाँचौं स्थानमा रहेका छन् ।

स्वागत कार्यक्रममा सदस्यसचिव घिसिङले शारीरिक सुगठनले राष्ट्रलाई चिनाउने क्रममा थुप्रै अन्तर्राष्ट्रिय पदक जितिसकेको बताउँदै पदक जितेर सारा नेपालीलाई खुसी बनाएकामा खेलाडीलाई बधाइ प्रदान गरे । शारीरिक सुगठन महासंघका प्रथम उपाध्यक्ष कायस्थले हरेक अन्तर ाष्ट्रिय प्रतियोगतामा शारीरिक सुगठनले राष्ट्रलाई पदक दिलाउँदै आएको स्मरण गरे ।

टोलीसँगै अफिसियल रूपमा भुटान गएका शारीरिक सुगठनका सचिव दिनेशकुमार राजभण्डारीले सन् २०२७ मा नेपालमा विश्व शारीरिक सुगठन च्याम्पियनसिप आयोजनाबारे पनि भुटानमा छलफल भएको जानकारी दिए । व्यवस्थापकमा सुरेश सुवेदी, प्रशिक्षकमा रुजेश शाही, निर्णायकमा दीपेन्द्रकुमार प्याकुरेल तथा सहयोगीमा रमेश श्रेष्ठ र बालमुकुन्द अवाल भुटान गएका थिए ।



क्यालिफोर्नियाको हन्टिङटन बिचमा शनिबार आयोजित 'नो किंग्स' कार्यक्रमको क्रममा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प विरोधी र उनका समर्थक प्रदर्शनकारीहरूबीच भएको जमकाभेट । *तस्बिरः एपी*

इरानलाई ट्रम्पको चेतावनी

# अमेरिकामाथि आक्रमण गरे सेनाको 'पूर्णशक्ति' भोग्नुपर्छ

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आइतबार इरानलाई यदि इरानले संयुक्त राज्य अमेरिकामाथि आक्रमण गऱ्यो भने उसले अमेरिकी सेनाको 'पूर्णशक्ति' भोग्नुपर्ने चेतावनी दिएका छन् ।

तेहरानका आणविक र गुप्तचर सुविधाहरूमाथि इजरायलको आक्रमणमा वासिङ्टनको 'कुनै संलग्नता नरहेको' उनले दोहोऱ्याए । तेहरानका अनुसार शुक्रबार बिहान सुरु भएको इजरायलको अपरेसनले इरानी आणविक र सैन्य ठाउँहरूलाई निशाना बनाएको छ । यसमा शीर्ष सेना कमाण्डर र आणविक वैज्ञानिकहरूसहित दर्जनौंको मृत्यु भएको छ ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले 'आयातोल्लाह शासनको हरेक लक्ष्य' मा आक्रमण गर्ने प्रतिज्ञा गरेका छन् र इरानले घातक मिसाइल आक्रमणका साथ जवाफ दिएको छ । ट्रम्पले इजरायली अपरेसन सुरु हुनुअघि नै आफूलाई यसको जानकारी रहेको बताएका थिए । उनले आइतबार बिहान आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा संयुक्त राज्य अमेरिकाको 'आज राति इरानमाथिको आक्रमणमा कुनै संलग्नता छैन' भनी दोहोऱ्याए ।



'यदि इरानले हामीमाथि कुनै पनि रूपमा आक्रमण गऱ्यो भने अमेरिकी सशस्त्र बलको पूर्णशक्ति र बल तपाईंमाथि यस्तो स्तरमा आइपर्ने छ जुन पहिले कहिल्यै देखिएको छैन,' उनले एक पोस्टमा भने, 'हामी इरान र इजरायलबीच सजिलै सम्झौता गराउन सक्छौं र यो रक्तपातपूर्ण द्वन्द्व अन्त्य गर्न सक्छौं !' ट्रम्पले शुक्रबार तेहरानलाई सम्झौता गर्न वा इजरायलबाट 'अझ क्रूर' आक्रमणको सामना गर्न आग्रह गरेका थिए । आफ्नो पहिलो कार्यकालमा ट्रम्पले एकपक्षीयरूपमा संयुक्त राज्य अमेरिकालाई फिर्ता लिएपछि इरानसँगको ऐतिहासिक आणविक सम्झौता २०१८ मा ध्वस्त भएको थियो र उनले इरानमाथि पुनः प्रतिबन्धहरू लगाएका थिए । उक्त सम्झौता पूर्वराष्ट्रपति बराक ओबामाको नेतृत्वमा भएको वार्तामार्फत भएको थियो । *रासस/एएफपी*

# इजरायल–इरान द्वन्द्वः पछिल्लो घटनाक्रम





**जेरुसेलम–** बढ्दो हताहती र विस्तृत लक्ष्यहरूले लामो समयका विरोधीहरूबीचको द्वन्द्वमा तीव्र वृद्धिलाई जनाउँदै इजरायल र इरानबीच आइतबार लगातार तेस्रो दिन आक्रमण र प्रत्याक्रमण भएको छ ।

शुक्रबारदेखि इजरायलले इरानी आणविक र सैन्य सुविधाहरूलाई लक्षित गरी आक्रमणको ठूलो लहर सुरु गरेपछि इरानी आक्रमणमा इजरायलमा कम्तीमा १३ जनाको ज्यान गएको छ । अन्तर्राष्ट्रिय नेताहरूले तनाव कम गर्न आग्रह गरेता पनि मध्यपूर्वलाई समेट्न सक्ने लामो द्वन्द्वको डर उत्पन्न गर्दै कट्टर शत्रुहरूले यति तीव्रताका साथ आक्रमण बढाएको यो पहिलोपटक हो ।

## पछिल्ला घटनाक्रमः

### घातक इरानी आक्रमण

इजरायली आपत्कालीन सेवाका अनुसार इरानले शनिबार रातिदेखि आइतबारसम्म इजरायलमा घातक क्षेप्यास्त्र प्रहार गरेको थियो, जसमा बालबालिकासहित कम्तीमा १३ जनाको मृत्यु भएको छ भने करिब २०० जना घाइते भएका छन् ।

आइतबार बिहान जेरुसेलम र तेल अभिवमा हवाई आक्रमणको साइरन र धमाकाको आवाज सुनिएको थियो । इजरायली सेनाले लाखौं इजरायली देशभरि दर्जनौं सहर र समुदायहरूमा 'साइरनको आवाजले शरणका लागि भागिरहेको' बताएको छ ।

संयुक्त राष्ट्रसंघका लागि इरानका राजदूतका अनुसार इरानमा इजरायली हमलाको पहिलो लहरमा ७८ जनाको मृत्यु भएको र ३२० जना घाइते भएका छन् । इरानले इजरायली लडाकु विमानहरूले इन्धन भर्न प्रयोग गर्ने स्थानहरूमा पनि आक्रमण गरेको रिभोलुसनरी गाड्र्सले आइतबार बिहान जनाएको छ ।

इजरायलले आफ्नो इलाकातर्फ छोडिएका सात ड्रोन रोकेको र इरानमा थप आक्रमण गर्दै आक्रमणहरू रोक्न काम गरिरहेको बताएको छ । यमनका इरान समर्थित हुथी विद्रोहीहरूले आइतबार इजरायलमाथि धेरै मिसाइल प्रहार गरेको बताएका छन् ।

### इजरायलले लक्ष्य विस्तार गर्दै

इरानी सैन्य र आणविक सुविधाहरूलाई लक्षित गरेर शीर्ष अधिकारी र वैज्ञानिकहरूको हत्या गरेपछि इजरायलले हवाई प्रतिरक्षा र तेल पूर्वाधारमा लक्ष्य विस्तार गरेको छ । इजरायली आक्रमणले तेहरानमा दुईवटा इन्धन भण्डारमा प्रहार गरेको इरानी तेल मन्त्रालयले आइतबार जनाएको छ । एएफपीका पत्रकारहरूले इरानी राजधानीको उत्तरपश्चिम सहरानमा रहेका तेल भण्डारहरूमा आगो देखेको रिपोर्ट गरेका छन् ।

शनिबार इजरायली सेनाले तेहरान क्षेत्रमा हवाई प्रतिरक्षालाई लक्षित गरेको आक्रमणको लहर घोषणा गरेपछि इरानमा दर्जनौं मिसाइल प्रक्षेपकहरूमाथि आक्रमण गरिरहेको बताएको थियो । इरानी समाचार एजेन्सी तस्निमले आइतबार बिहान इजरायली आक्रमणले तेहरानमा रहेको देशको रक्षा मन्त्रालयको मुख्यालयलाई पनि लक्षित गरेको र यसको एउटा भवनलाई क्षति पुऱ्याएको बताएको छ । रक्षा मन्त्रालयले यसबारे टिप्पणी गरेको छैन ।

### असफल आणविक कूटनीति

तेहरानले शनिबार संयुक्त राष्ट्रसंघको आणविक निगरानी संस्थासँगको आफ्नो सहयोग सीमित गर्ने वाचा गरेपछि इजरायली आक्रमणमाथि उसको मौनताको आलोचना गर्दै इरानका विदेशमन्त्री अब्बास अराघचीले आइतबार इजरायलले इरानका आणविक स्थलहरूलाई लक्षित गरेर 'नयाँ रेखा पार गरेको' बताएका छन् ।

'यो पूर्णरूपमा स्पष्ट छ कि इजरायली शासनले आणविक मुद्दामा कुनै सम्झौता चाहँदैन । यो वार्ता चाहँदैन र कूटनीति खोज्दैन,' अराघचीले विदेशी कूटनीतिज्ञहरूलाई भने । उनले शुक्रबार गरिएको आक्रमण 'कूटनीतिलाई कमजोर पार्ने र वार्तालाई लिकबाट हटाउने प्रयास' भएको बताए ।

इरानको आणविक कार्यक्रममा सम्झौतामा पुग्न तेहरान र वासिङ्टनबीच चलिरहेको वार्ताको बीचमा कट्टर शत्रुहरूबीच अहिलेसम्मकै सबैभन्दा भीषण गोलीबारी भएको छ । इजरायली आक्रमणअघि दुवै पक्षले आइतबार ओमानमा छैटौं चरणको वार्ता गर्ने तयारी गरेका थिए । इरानका राष्ट्रपति मसुद पेजेस्कियनले शनिबार जबसम्म इजरायलले इरानमा आक्रमण जारी राख्छ तबसम्म तेहरानले अमेरिकासँग आणविक वार्तामा भाग नलिने बताए । पश्चिमी सरकारहरूले बारम्बार इरानलाई आणविक हतियार खोजेको आरोप लगाएका छन् । उक्त आरोपलाई इरानले अस्वीकार गरेको छ ।

### अन्तर्राष्ट्रिय चिन्ता

अन्य राष्ट्रहरूले संयम अपनाउन र ठूलो द्वन्द्वविरुद्ध चेतावनी दिएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफू र रुसी राष्ट्रपति भ्लादिमिर पुटिन शनिबार फोनवार्तामा इरान र इजरायलबीचको द्वन्द्व 'अन्त्य हुनुपर्छ' भन्ने कुरामा सहमत भएको बताएका छन् ।

तर आइतबार बिहान ट्रम्पले इरानलाई तेहरानको आणविक र गुप्तचर सुविधाहरूमा इजरायलको आक्रमणसँग वासिङ्टनको 'कुनै सम्बन्ध छैन' भनेर दोहोऱ्याउँदै यदि इरानले संयुक्त राज्य अमेरिकामा आक्रमण गरेमा उसले अमेरिकी सेनाको 'पूर्णशक्ति' अनुभव गर्ने चेतावनी दिए ।

तेहरानको नजिकको सहयोगी तर इरानको कट्टर शत्रु अमेरिकाको रणनीतिक साझेदार इराकले क्षेत्रीय तनावमा पर्नबाट रोक्नका लागि इरानी र अमेरिकी सरकारलाई सम्पर्क गरेको छ । *रासस/एएफपी*

# पूर्वराष्ट्रपति सार्कोजीको सर्वोच्च सम्मान खोसियो

**पेरिस–** भ्रष्टाचारको अभियोगमा दोषी ठहर भएपछि फ्रान्सका पूर्वराष्ट्रपति निकोलस सार्कोजीबाट लिजन अफ अनर (देशको सर्वोच्च उपाधि) खोसिएको छ । सन् २०१२ को राष्ट्रपति चुनावमा एक पाँच वर्षको कार्यकाल पूरा गरेपछि पराजित भएदेखि उनी कानुनी समस्याहरूले घेरिएका छन् ।

७० वर्षीय सार्कोजीले गत महिनासम्म इलेक्ट्रोनिक एंकल टचाग लगाएका थिए । फ्रान्सको सर्वोच्च पुनरावेदन अदालतले गत डिसेम्बरमा न्यायाधीशबाट अवैधरूपमा अनुग्रह प्राप्त गर्ने प्रयास गरेकामा उनको सजायलाई सदर गरेको थियो । लिजन अफ अनरको संहिताअनुसार फ्रान्सको शीर्ष राज्य पुरस्कार एक वर्ष वा सोभन्दा बढी कैदको सजाय पाएको व्यक्तिलाई यो आदेशबाट बाहिर राखिएको छ । तर फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले अप्रिलमा यस्तो कदमको विरुद्धमा तर्क गर्दै घोटालाले ग्रस्त सार्कोजी निर्वाचित भएको र 'पूर्वराष्ट्रपतिहरूलाई सम्मान गर्नु धेरै महत्त्वपूर्ण' भएको बताएका थिए ।

कानुनी समस्याहरूका बावजुद सार्कोजी दक्षिणपन्थमा प्रभावशाली व्यक्तित्व बनेका छन् र राष्ट्राध्यक्षसँग नियमितरूपमा सामाजिकरूपमा परिचित छन् । नाजी सहयोगी फिलिप पेटाइनपछि सार्कोजी यो पुरस्कारबाट वञ्चित हुने दोस्रो पूर्वराष्ट्रप्रमुख बनेका छन् । पेटाइनलाई सन् १९४५ अगस्टमा राजद्रोह र शत्रुसँग षड्यन्त्र गरेको अभियोगमा दोषी ठहर गरिएको थियो ।

यो सम्मानबाट वञ्चित हुनेहरूमा सिरियाका पूर्वराष्ट्रपति बशर अल-असद, डोपिङ घोटालामा फसेका साइकल खेलाडी लान्स आर्मस्ट्रङ र चलचित्र व्यवसायी हार्वे वाइन्स्टाइन पनि छन् । वाइन्स्टाइनको महिलाहरूसँगको व्यवहारले यौन हिंसाविरुद्धको 'मि टु' आन्दोलनको सुरुआत गरेको थियो ।

इलेक्ट्रोनिक टचाग यस महिना हटाइएका सार्कोजीले दोषसिद्धिविरुद्ध आफ्नो बचाउमा युरोपेली मानवअधिकार अदालतमा (इसिएचआर) पुनरावेदनको आफ्नो अन्तिम बाँकी कानुनी विकल्प प्रयोग गरिरहेका छन् । *रासस/एएफपी*


**Government of Nepal (GoN)**

**Likhu Tamakoshi Rural Municipality**

**Dhobi Bazar, Ramechhap.**

**Invitation for Bids**

**Date of publication: 16-06-2025 10:00 A.M.**

1. Likhu Tamakoshi Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of the projects mentioned below under NCB Bidding Procedures. All other information and Bid Documents can be downloaded from PPMO website www.bolpatra.gov.np/egp. All the eligible bidders are requested to submit E-bid only as per Instruction with in mentioned period.

| S. N | Contract Identification No | Name of Project | Estimated Amount, With PS NRs (Exclusive of VAT and Contingencies) | Bid Security Amount (Rs.) | Bid Document Fee | Pre-bid meeting Date | Deadline for bid submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | LTRM/NCB/ WORKS/ 22/2081/082 | Construction of Dhobi Gumba (Bahubarsiya Yojana) | 24,599,606.61 | 858,000 | 5,000.00 | 07-06-2025 14:00 | 16-07-2025 12:00 | 17-07-2025 13:00 |

2. Bidders should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Nepal Investment Bank Ltd.
   Name of Office: Likhu Tamakoshi Rural Municipality
   Office Account no: 07001400250016
   Rajaswa (revenue) Accont Name: Ga 1 1 Aantarik Rajaswa Khata

3. For Evaluation Criteria, please refer the respective Bid Document in PPMO website www.bolpatra.gov.np/egp
4. Likhu Tamakoshi Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**
**Likhu Tamakoshi Rural Municipality**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९७५०० | प्रति तोला – ० | प्रति तोला – २१६५ |

**कर्पोरेट**

## नागरिक लगानी कोष र रुरुक्षेत्र गाउँपालिकाबीच सम्झौता



**काठमाडौं (प्रस)–** नागरिक लगानी कोष र गुल्मीको रुरुक्षेत्र गाउँपालिकाबीच महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको नागरिक पेन्सन योजना सञ्चालन गर्नेसम्बन्धी सम्झौता भएको छ । सम्झौतामा कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्की र गाउँपालिका अध्यक्ष यदु ज्ञवालीले हस्ताक्षर गरेका छन् ।

सम्झौतामा हस्ताक्षरपछि कोषका कार्यकारी निर्देशक कार्कीले पेन्सन योजनामा सहभागीको रकम सुरक्षित रहने र अवकाशपछि पेन्सन सुविधा पाउने जानकारी दिए । गाउँपालिकाका अध्यक्ष ज्ञवालीले स्थानीयबासीले सहभागिता जनाउने प्रतिबद्धता व्यक्त गरे । सम्झौताअनुसार पालिकाका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कल्याणकारी कोष व्यवस्थापनअन्तर्गत रुरुक्षेत्र गाउँपालिकाद्वारा सञ्चालित स्वयंसेविकाको कल्याणकारी कोषबाट प्रतिस्वास्थ्य स्वयंसेविकाको मासिक ८३० रूपैयाँ जम्मा गर्ने व्यवस्था गरिएको छ ।

पालिकाबाट सञ्चालित स्वयंसेविका कल्याणकारी कोष व्यवस्थापनअन्तर्गत व्यक्तिगत खाताको रकम वा अन्य कुनै ऋण वा सहुलियत सम्बन्धित व्यक्ति वा हकवालालाई उपलब्ध गराउँदा पालिकाको सिफारिसको आधारमामात्र उपलब्ध गराउन सकिने व्यवस्था मिलाइएको छ । सहभागीहरूलाई नागरिक पेन्सन योजनामा सहभागी भएको पाँच वर्ष पूरा भएपछि जम्मा भएको रकमको ८० प्रतिशतसम्मको रकम पालिकाको सिफारिसका आधारमा सापटी प्रदान गर्न सकिने व्यवस्था कोषले मिलाएको जानकारी दिइएको छ ।

## एनसेल 'सधैं अन करोडपति' योजना

**काठमाडौं (प्रस)–** एनसेलले आफ्ना ग्राहकहरूका लागि 'सधैं अन करोडपति' योजना सञ्चालनमा ल्याएको छ । यस योजनाअन्तर्गत ग्राहकहरूले एक करोड रूपैयाँको बम्पर नगद पुरस्कार जित्ने सुनौलो मौका पाउने कम्पनीले जानकारी दिएको छ ।




'हरेक हप्ता १० जना भाग्यशाली ग्राहकले जनही एक लाख रूपैयाँ नगर पुरस्कार जित्ने छन् । यो साप्ताहिक नगद पुरस्कार १२ हप्तासम्म जारी रहने छ,' कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ, 'त्यसको साथै, यो योजनामा सहभागी हुने प्रत्येक ग्राहकले डेटा, भ्वाइस वा डिजिटल सेवालगायत विभिन्न सेवा बोनसस्वरूप प्राप्त गर्दछन्, जसले गर्दा यो योजना सबैका लागि हात खालि नजाने योजना बनेको छ ।'

असार १ गतेदेखि लागू भएको 'सधैं अन करोडपति' योजना १२ हप्तासम्म सञ्चालन हुने कम्पनीले जनाएको छ । 'यो योजनामा सहभागी हुन ग्राहकहरूले कम्तीमा ९९ रूपैयाँ वा सोभन्दा माथिको कुनै पनि एनसेल सेवा- जस्तैः नयाँ सिम, डेटा प्याक, भ्वाइस प्याक, एसएमएस प्याक, रोमिङ प्याक वा कम्बो प्याक लिनु पर्दछ,' विज्ञप्तिमा भनिएको छ ।

यो योजना आइतबारदेखि शनिबारसम्मको साप्ताहिक चक्रअनुसार सञ्चालन हुने कम्पनीको भनाइ छ । 'यो मनसुनमा, एक दशकभन्दा लामो समयपछि हामीले यो यति ठूलो योजना सञ्चालनमा ल्याएका छौं । सबैलाई सधैं सहज, सुलभ सेवामार्फत जोडिराख्ने हाम्रो प्रतिबद्धताबमोजिम, हामी हाम्रो 'सधैं अन' पहलअन्तर्गत यो योजना सञ्चालन गर्न पाएकोमा धेरै उत्साहित छौं,' एनसेलका प्रमुख कार्यकारी अधिकृत जाब्बोर कायुमोभले भने ।

## सिटिजन लाइफको अभिमुखीकरण कार्यक्रम



**काठमाडौं (प्रस)–** सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ ।

गत जेठ ३० गते कम्पनीको प्रधान कार्यालयमा कम्पनीका सञ्चालक समिति, संस्थापक लगानीकर्ता, उच्च व्यवस्थापन समितिसहित कम्पनीमा कार्यरत सम्बन्धित सम्पूर्ण कर्मचारीहरूको उपस्थितिमा सो कार्यक्रम आयोजना गरिएको कम्पनीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । काठमाडौं उपत्यकाबहिरका प्रदेश प्रमुख साथै शाखा प्रबन्धकहरूको अनलाइनमार्फत सहभागिता जनाएको पनि विज्ञप्तिमा जनाइएको छ ।

कार्यक्रममा नेपाल बिमा प्राधिकरणका निर्देशक शाम्भराज लामिछाने, उपनिर्देशक पदमप्रसाद सोडारीलगायतले प्रशिक्षण दिएका थिए । कार्यक्रममा ग्राहकको सम्पत्ति र आयको स्रोतको विवरण राख्ने, ग्राहक पहिचान फाराममलाई अद्यावधिक राख्ने, गैरकानुनी कमाइ र आतंककारी कार्यबाट संकलित कालो धनलाई बिमाको माध्यमबाट सेतो धन बनाउने कार्यलाई कसरी नियन्त्रण गर्न सकिन्छ, यसका प्रक्रियाहरू के-के हुन, रिपोर्टिङ कसरी गर्ने आदि विषयमा विस्तृत जानकारी दिइएको कम्पनीले जनाएको छ ।

# बंगलादेशमा पुनः सुरु भयो विद्युत् निर्यात

### पाँच महिनामा एक अर्ब २५ करोड आम्दानी हुन्छ : *ऊर्जामन्त्री*



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणले यस वर्ष नेपालबाट भारतीय प्रसारणलाइनहुँदै ४० मेगावाट विद्युत् बंगलादेश निर्यात सुरु गरेको छ । प्राधिकरणले शनिबार राति १२ बजेदेखि भारतीय प्रसारणलाइनहुँदै बंगलादेश विद्युत् निर्यात गरेको हो । गत वर्ष कात्तिक ३० (नोभेम्बर १५) मा पहिलोपटक १२ घण्टाका लागि भारतीय प्रसारणलाइनहुँदै बंगलादेश विद्युत् निर्यात गरेको प्राधिकरणले यस वर्ष शनिबार राति १२ बजेदेखि पुनः ४० मेगावाट विद्युत् निर्यात सुरु गरेको जनाएको छ ।

गत वर्ष असोज १७ गते नेपाल विद्युत् प्राधिकरण, बंगलादेश पावर डेभलपमेन्ट बोर्ड र एनटिपिसी विद्युत् व्यापार निगम लिमिटेड भारतबीच विद्युत् बिक्री सम्झौतामा हस्ताक्षर भएसँगै अघिल्लो यामको अन्तिम दिन अर्थात् कात्तिक १८ गते दिउँसो १२:०० देखि राति १२:०० बजेसम्म जम्मा १२ घण्टामात्र विद्युत् निर्यात भएको थियो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले बंगलादेशसँगको विद्युत् व्यापारबाट पाँच महिनामा एक अर्ब २५ करोड रूपैयाँबराबर आम्दानी हुने बताए । यस वर्ष नेपालबाट बंगलादेश विद्युत् निर्यात सुरु भएको अवसरमा आइतबार ऊर्जा मन्त्रालयमा भएको पत्रकार सम्मेलनमा मन्त्री खड्काले नेपालबाट बंगलादेश दैनिक ४० मेगावाट विद्युत् निर्यात गरेर मासिक २५ करोड रूपैयाँबराबर र पाँच महिनामा एक अर्ब २५ करोड रूपैयाँबराबर आम्दानी हुने बताएका हुन् ।

ऊर्जामन्त्री खड्काले वर्षायाममा नेपाललाई बढी भएको विद्युत् छिमेकी मुलुक भारतसँगै बंगलादेशमा निर्यात गर्दा नेपालको समृद्धिमा सहयोग पुगेको बताए । गत वर्षदेखि नेपालले विद्युत् आयातभन्दा निर्यात धेरै गर्दै आएको मन्त्री खड्काको भनाइ थियो । उनले मुलुकको दिगो आर्थिक विकासका लागि ऊर्जा क्षेत्र भरपर्दो माध्यम भएकाले यस क्षेत्रमा सरकारले अझ बढी ध्यान दिएर काम गर्दै आएको बताए । 'सरकारले आन्तरिक विद्युत् खपतलाई भरपर्दो र सुरक्षित बनाउने गरी काम गरिरहेको छ,' मन्त्री खड्काले भने ।

उनले विद्युत् क्षेत्रको विकासलाई सरकारले उच्च प्राथमिकतामा राखेर साना आयोजनाका साथसाथै बूढीगण्डकी, अपर अरुणलगायतका ठूला आयोजनालाई अगाडि बढाउन लागिरहेको उल्लेख गरे । विद्युत् व्यापारले नेपालको समृद्धिको आधारलाई झन् बलियो बनाउँदै लगेको मन्त्री खड्काको भनाइ थियो । ऊर्जामन्त्री खड्काले जलविद्युत् क्षेत्रमार्फत गरिब तथा विपन्न नागरिकलाई सम्पन्न बनाउनका लागि सरकारले विनाधितो दुई लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्मको सेयर प्रदान गर्न लागिरहेको बताए । नेपालले हरेक वर्ष पाँच महिना बर्सात्को समयमा बढी भएको बिजुली छिमेकी मुलुक भारतलाई निर्यात गर्दै आएको छ ।

आइतबारदेखि बंगलादेश निर्यात सुरु गरिएको विद्युत् आगामी नोभेम्बर १५ सम्म निर्यात हुने छ । पाँच महिनामा १४ करोड ६८ लाख ८० हजार युनिट विद्युत् निर्यात हुने प्राधिकरणको भनाइ छ । उक्त विद्युत् नेपालको ४०० केभी ढल्केबर सबस्टेसनबाट भारतको मुजफरपुर, बेहरामपुरहुँदै बंगलादेशको भेरमारा सबस्टेसनसम्म पुग्ने छ ।

पत्रकार सम्मेलनमा ऊर्जा मन्त्रालयका सचिव सुरेश आचार्यले नेपाल, भारत र बंगलादेशबीच भएको त्रिपक्षीय सम्झौताअनुसार नेपालबाट बंगलादेश विद्युत् निर्यात गरिएको बताए । उनले आगामी दिनमा बढीभन्दा बढी विद्युत् बंगलादेश निर्यात गर्नका लागि छलफल भइरहेको स्पष्ट पारे । प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले अब नेपाल ऊर्जा व्यापारको युगमा प्रवेश गरेको भन्दै भारत र बंगलादेशमा बिजुली निर्यात गरी अर्बौं आम्दानी हुने बताए ।

नेपालले जुन १ देखि हरियाणा राज्यमा १८५ मेगावाट विद्युत् निर्यात गर्दै आएकामा आइतबार अर्थात् जुन १५ बाट बढाएर २०० मेगावाट बिक्री गरेको छ । त्यस्तै विहारमा पनि ८० मेगावाट विद्युत् आइतबारदेखि निर्यात हुन सुरु भएको छ ।

## सुन तथा हिरामा लगाइएको विलासिता कर पुनरवलोकन गर्न महासंघको माग

**काठमाडौं (प्रस)–** नेपाल उद्योग वाणिज्य महासंघले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत सुनमा लगाइएको विलासिता कर र हिरालगायत बहुमूल्य पत्थरमा लगाइएको मूल्य अभिवृद्धिकर पुनरवलोकन गर्न सरकारसँग माग गरेको छ । प्रस्तावित दुई प्रतिशत विलासिता कर र १३ प्रतिशत मूल्य अभिवृद्धि कर अव्यावहारिक भएको महासंघको भनाइ छ ।

महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघ र नेपाल सुनचाँदी व्यवसायी महासंघ तथा रत्न तथा आभूषण संघको प्रतिनिधिमण्डलबीच आइतबार महासंघ सचिवालयमा यस विषयमा भएको छलफल भएको थियो । सुनमा लगाइएको विलासिता कर र हिरालगायत बहुमूल्य पत्थरमा लगाइएको मूल्य अभिवृद्धिकर (भ्याट) का विषयमा महासंघले यसअघि नै बजेटको प्रतिक्रियामा करका यी प्रावधानले व्यवसाय तथा रोजगारीमा प्रभाव पर्ने औपचारिक धारणा सार्वजनिक गरेको थियो ।

नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघ, रत्न तथा आभूषण संघ र नेपाल सुनचाँदी व्यवसायी महासंघले करका यी प्रावधानहरूले व्यवसाय नै धराशायी हुने भन्दै पुनरवलोकन गर्न माग गर्दै आएका छन् । तीनवटै संस्थाका प्रतिनिधिहरूले यस विषयमा आवश्यक पहल गर्न उद्योग वाणिज्य महासंघलाई आग्रह गरे । महासंघका अध्यक्ष ढकालले व्यवसायीहरूले उठाएका विषयहरू सान्दर्भिक रहेको उल्लेख गर्दै महासंघको तर्फबाट आवश्यक पहल गर्ने बताए । 'व्यवसायीहरूले उठाएको यो विषय आमउपभोक्ता र रोजगारीसँग जोडिएको विषय हो । प्रस्तावित कर नीतिले व्यवसायी र आमउपभोक्तालाई गम्भीर असर पर्ने देखिन्छ । मुअकर पुनरवलोकनका लागि महासंघले सरकारसंग आवश्यक पहल गर्ने छ,' उनले भने ।

नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघका अध्यक्ष किसान सुनार, रत्न तथा आभूषण संघका अध्यक्ष सुमनमान ताम्राकार र नेपाल सुनचाँदी व्यवसायी महासंघका कार्यवाहक अध्यक्ष दियेशरत्न शाक्यले सुनचाँदी, हिरा, जवाहरात र हस्तकला व्यवसायमा प्रस्तावित करका प्रावधानले व्यवसायी र आमउपभोक्तालाई गम्भीर असर पार्ने बताए । बजेटमा प्रस्तावित दुई प्रतिशत विलासिता करले सुनको कारोबारमा बहुकर प्रणाली (राउण्ड ट्रिपिङ) निम्त्याउने र उपभोक्तालाई छ प्रतिशतसम्म थप मूल्य तिर्न बाध्य बनाउने नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघका अध्यक्ष सुनारको दाबी छ ।

**जनचेतना मूलक सन्देश**

- वन क्षेत्र वरपर आगो नबालौं,
- सुख्खा घाँसजता ज्वलनशील पदार्थहरु सुरक्षितरुपमा व्यवस्थापन गरौं,
- सलाई, लाइटर तथा प्रज्वलनशील वस्तु बालबालिकाको पहुँचबाट टाढा राखौं,
- चुरोट, बिडीका ठूटा जथाभावी नफालौं । यसले आगलागिको जोखिम निम्त्याउन सक्छ,
- डढेलो नियन्त्रणमा सहभागी बनौं, स्थानीय प्रशासनलाई खबर गरौं,
- वनजंगलमा आगो लगाउने व्यक्तिको पहिचान गरौं र यथाशीघ्र नजिकको प्रहरी कार्यालय वा वन कार्यालयमा खवर गरौ,
- समुदायस्तरमा सचेतना फैलाऔं र वन संरक्षणमा योगदान दिऔं,
- अविरल वर्षा र पहिरोको जोखिममा उच्च सतर्कता अपनाउनाऔं,
- बडी पहिरो आउन सक्ने खोलानाला वनजंगल नजिक नजानजाऔं,
- घर वरिपरि खाल्डाखुल्डीमा पानी जम्न नदिने व्यवस्था मिलाउनऔं,
- स्थानीय प्रशासन वा रेडियोर सूचना स्रोतबाट आउने सूचना ध्यान पूर्वक सुनौ र अरुलाई पनि सुनाऔं,
- जोखिमयुक्त स्थानमा वरपर बसोबास गरिरहनु भएको छ भने सुरक्षित स्थानमा स्थानान्तरण गरौं,
- आपतकालीन अवस्थामा झोलामा अत्यावश्यक कागजात, औषधी, टर्च, पानी र खानेकुरा तयार राख्नुहोस्।

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय (वन निर्देशनालय)
**डिभिजन वन कार्यालय**
अर्घाखाँची, सन्धिखर्क, नेपाल

सम्पूर्ण एजेन्सी
तथा विज्ञापनदाताहरुमा
**हार्दिक अनुरोध**

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**सँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूलाई आव ०८१/०८२ को बक्यौता रकम २०८२ असार मसान्तभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता एजेन्सीहरु सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने कामना व्यक्त गर्दछौं ।

लेखा शाखा
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल, फोनः ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com